ISSN 2091-1629

गौरी मासिक

GAURI MASIK

वर्ष २०, अङ्क ८, २०८२ वैशाख, पूर्णाङ्क २२८

मूल्य रु. ४५/-

निरन्तर २२८ औं अङ्क

शत कुण्डीय यज्ञमण्डप



अकला मन्दिर
लामाचौर, कास्की

"दान अहिले नगरे कहिले गर्ने, हामीले नगरे कसले गर्ने, यहाँ नगरे कहाँ गर्ने"

तुलसी फाउण्डेशनद्वारा सञ्चालित तुलसालय आश्रममा आश्रित बालबच्चाहरु

जय श्री मुक्तिनाथ

हार्दिक निमन्त्रणा !!!

प्रमुख बाचक
तपस्वी गुरु
पं. श्री उत्तम भट्ट महाराज
सम्पर्क: ९८५१०४६६७५

हाम्रो Youtube
च्यानल : bhagwat dham tv
Facebook Page: Uttam Bhatta Maharaj
बाट प्रसारण हुनेछ ।

अनाथ, टुहुरा बालबालिका, मानसिक रोगी र वृद्धवृद्धाहरूको उद्धार एवम् संरक्षणको निमित्त विशाल भवन निर्माण उद्धेश्यले आयोजित

श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ - २०८२

मिति: २०८२ वैशाख २१ गतेदेखि २९ गते सम्म
कार्यक्रम हुने स्थान: ललितपुर महानगरपालिका-२५ नख्खुडोल, भैसेपाटी, पञ्चकन्या मन्दिरसँगै नमुना टोल सुधार समिति, सानोडोल, चौर

अनाथ तथा वृद्धवृद्धाको सेवाको लागि दान

सरु सुवेदी अध्यक्ष तुलसी फाउण्डेशन	सपना रास्कोटी शाही ठकुरी ललितपुर म.न.पा.-२५ वडा सदस्य एवं संयोजक श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ मूल समारोह समिति-२०८२	आयोजक तुलसी फाउण्डेशन ललितपुर म.न.पा.-२५, नख्खुडोल भैसेपाटी, ललितपुर

सरु सुवेदी ९८५१२३५३०१, सपना रास्कोटी शाही ठकुरी ९८४१५१२८३५, तारामणि पौडेल ९८६१५००३५१, मदन सुवेदी ९८४१७७५०५०

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुर्‍याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क ८, २०८२ पूर्णाङ्क २२८

वैशाख २०८२

आइतबार	गौरी	७	१४	२१	२८
सोमबार	१	८	१५	२२	२९
मङ्गलबार	२	९	१६	२३	३०
बुधबार	३	१०	१७	२४	३१
बिहिबार	४	११	१८	२५	गौरी
शुक्रबार	५	१२	१९	२६	गौरी
शनिबार	६	१३	२०	२७	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७,
९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

महर्षि शौनक त्यस सभाको अध्यक्ष हुनुभयो र विस्तार पूर्वक कथा सुनाउनुभयो । महाराज जनमेजयको नागयज्ञमा व्यासजीको आज्ञा लिएर वैशम्पायनले महाभारतको कथा सुनाउनुभएको थियो भने नैमिषारण्यमा श्रीसूतजीले सभाका सम्पूर्ण ऋषिहरूलाई महाभारतको कथा विस्तारपूर्वक सुनाउनुभयो ।

गङ्गापुत्र देवव्रत

एकपटक राजा शान्तनु नदी किनारमा डुल्दै थिए । उनले अचानक केही पर एउटी युवतीलाई देखे । उनलाई नजिकबाट नै हेर्ने इच्छा जाग्यो र उनी युवती नजिक पुगे । अत्यन्त सुन्दरी नवयौवना देख्ने बित्तिकै उनीप्रति राजा आशक्त भइहाले । "हे प्रिये ! तिमी अत्यन्तै सुन्दरी रहिछ्यौ, तिमी मेरी रानी बनेमा मेरो राज्यमा उपलब्ध सबै धनसम्पत्ति तिम्रो नाउँमा गरिदिनेछु" भन्दै प्रेमान्ध भएर राजाले अनुनय विनयपूर्वक ती युवती समक्ष यस्तो प्रस्ताव राखे ।

ती युवतीले पनि आफ्नो सुन्दरताले राजालाई जादुगरले जस्तै प्रेमले घायल पारिदिइन् । त्यसपछि मुस्कुराउँदै भनिन्– "म तपाईंकी रानी बन्न तयार त हुन सक्छु तर त्यसभन्दा अगाडि तपाईंले मैले राखेका सर्तहरू मान्नुपर्ने हुन्छ । मेरा सबै सर्तलाई मान्न तयार हुनुहुन्छ त महाराज ?" भन्दा उनीप्रति हुरूक्क भएका राजाले केही सोच विचारै नगरी "हुन्छ" भनेर सबै सर्तलाई स्वीकार गर्न राजी भए ।

त्यसपछि भन्न लागिन् "अब उप्रान्त मेरो बारेमा को हूँ, कसकी छोरी हूँ, कुन वंशकी हूँ ? आदि इत्यादि तपाईं वा अरू कसैले पनि सोध्न पाउनेछैन । मैले गरेका राम्रा, नराम्रा जुनसुकै कुरामा पनि तपाईं वा कसैले रोकतोक, अवरोध गर्न सक्ने छैन । यी मेरा सर्त हुन् । यदि यी सर्त उल्लङ्घन गरेमा तपाईंसँग विवाह गरेता पनि हे महाराज ! म तपाईंलाई छाडेर तुरून्तै आफ्नो बाटो लाग्नेछु ।" उनका सबै सर्त सुनिसकेपछि प्रेमान्ध राजाले वाचा गर्दै भने– "हे सुन्दरी ! मेरो तर्फबाट सबै सर्तहरू पूर्णरूपले पालना हुनेछन् । तिमी ढुक्क होऊ ।" यति भनेर राजाले उनलाई सम्मानपूर्वक दरबार लगे । उनी महारानी बनेर दरबारमा बस्न थालिन् । वास्तवमा उनी गङ्गा थिइन् ।क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा– ३, तान्द्राङ, गोरखा

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण वडावासी दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

- नगरपालिकालाई बुझाउनु पर्ने करहरू (सम्पति कर, वहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायत अन्य सवै किसिमका कर तथा दस्तुरहरू) समयमानै तिरी कर छुटको सुविधा उपयोग गरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- व्यक्तिगत घटना दर्ता जन्म, विवाह वसाईसराई सम्वन्ध विच्छेद, मृत्यु ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

सुशीला शाही	जुना चौधरी	सुष्मा महता के.सी.
नगरप्रमुख	नगर उप-प्रमुख	प्रमुख प्रशासकीय अधिकृत

लम्कीचुहा नगरपालिका
भल्का कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

सम्पादकीय

शुभ रहोस् नयाँ वर्ष !

समय गतिशील छ । त्यसैले त हरेक पल, हरेक क्षण नवीन हुन्छन् । पल, क्षण हुँदै समयको गणना गर्दागर्दै विक्रम सम्वत २०८१ (एक वर्ष) हामीबाट विदा भएको छ ।

भर्खरै बितेको वि.सं. २०८१ साल पछिल्ला वर्षका तुलनामा अझ निराशाजनक भयो । असोजको १२ र १३ गते आएको भयानक बाढी/पहिरोले ठूलो जनधनको क्षति भयो । वर्षको पूर्वार्धमा (असार महिनामा) दुई ठूला दलको सहकार्यमा सरकार गठन भएपछि जनतामा एक प्रकारको आशा पलाएको थियो तर झण्डै दुई तिहाईको बलियो सरकारले अपेक्षित कुनै सुधार नगरी पार्टी र सरकार जोगाउन मात्रै लागेपछि सिंगो व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न हुँदै जान थाल्यो । कहिले सहकारी पीडित, कहिले भूमिहीन, कहिले डाक्टर त कहिले शिक्षक आदिको आन्दोलनका कारण राजधानी दिन प्रतिदिन अशान्त बन्दै गयो । सरकारले आन्दोलनरत कुनै पक्षको मागलाई पनि उचित सम्बोधन गर्न नसकेको अवस्था छ ।

चौतर्फि निराशा बढ्नुमा राजनीतिमा नैतिकताको खडेरी पर्नु हो । राष्ट्र धर्म निरपेक्षता भएपछि शासकहरूमा धर्मप्रतिको उदाशिनता बढेको छ । 'सर्वे भवन्तु सुखिनः'को भाव बोकेको हिन्दु धर्मलाई तिरस्कार गरेपछि शासक अझ भ्रष्ट हुँदै गएको आभाश भएको छ । त्यसैले राजनीतिमा धर्म हुनुपर्छ र त्यसको निम्ति हिन्दु राष्ट्र कायम हुनु पर्दछ भन्ने माग समेत बुलन्द हुन थालेको छ ।

बितेको समयको समीक्षा गर्दै आगामी पल अझ सुन्दर बनाउन कोशिस गर्नुपर्छ । आगामि समय शुभ, सुखद रहोस् । देशको राजनीतिक, धार्मिक, आर्थिक, सामाजिक लगायतका समस्त पक्षमा सकारात्मक परिवर्तन सम्भव होस् । गौरीका समस्त पाठक वर्ग, विद्वान् लेखक, विज्ञापनदाता, शुभ चिन्तक लगायत सम्पूर्ण महानुभावहरूमा नूतन सम्वतको हार्दिक मङ्गलमय शुभकामना ! अस्तु,

यसभित्र

अविच्छिन्न
संक्षिप्त महाभारत — केदारनाथ खनाल — २
सम्पादकीय — ३
गीताज्ञान
कर्मयोग — आचार्य खेमराज 'केशवशरण' — ५
समसामयिक
रामराज्यको ... — सहप्रा. डा. विनु बाबा अर्याल — ७
आध्यात्मिक वार्ता
साधनाको ... — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ११
संस्कृति
एकादशी विवेचना — दामोदर पौडेल — १३
समयसन्दर्भ
गण्डकी र गायत्री.. — भागवतश्री न्यौपाने — १५
अन्तरवार्ता
ऐतिहासिक... — बालयोगेश्वर विजयकृष्णमूर्ति — १८
देश-दर्शन
गण्डकी प्रदेशका अकलादेवी.. — भरत गिरी — २४
इतिहास
कपिलवस्तुको .. — मनोजकुमार ढुङ्गाना — २७
योग/ध्यान
पुनर्जीवन ध्यान.... — माधवप्रसाद अधिकारी — ३२
गतिविधि — ३४

गौरी इपेपरमा पढ्न चाहनुहुन्छ भने पनि उपलब्ध छ-

www.ushaeducationhouse.com

eSewa
GAURI PUBLICATION
9851053601

गौरी मासिकको निरन्तरताको लागि यथासक्य सहयोग गर्न इच्छुक महानुभावहरू साथै वार्षिक या आजीवन सदस्य बनी नियमित रूपमा पढ्न चाहनुहुने पाठकवृन्दहरूले QR Code को माध्यमबाट समेत सहयोग उपलब्ध गराउन सक्नुहुने छ ।

नव वर्ष २०८२ को पावन अवसरमा गौरी मासिक पत्रिका मार्फत प्रत्यक्ष एवम् अप्रत्यक्ष जोडिनुभएका समस्त महानुभावहरूमा सुख, शान्ति, समृद्धिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

गौरी मासिक (आध्यात्मिक साहित्य)

गौरीघाट– ७ काठमाडौं

सम्पर्क कार्यालयः सेतोपुल (मैतीदेवी), काठमाडौं

Email : masikgauri@gmail.com

सम्पर्कः ९८५१०५३६०१ /९८४१५३३७८७

गौरी मासिकको वार्षिक/आजीवन सदस्य बनी नियमित आध्यात्मिक साहित्य पढ्ने बानी बसाऔं ।

'समृद्ध वेदकोट नगरको आधार, कृषि, उद्योग पर्यटन र पूर्वाधार'

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण वडावासी दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

नगरवासीलाई हार्दिक अनुरोध !

- ❑ व्यक्तिगत घटना दर्ता जन्म, विवाह, वसाइसराइ सम्वन्ध विच्छेद, मृत्यु ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
- ❑ खुल्ला स्थानमा फोहोर फाल्ने ढल मिसाउने जस्ता कार्यहरू नगरौं ।
- ❑ ऐतिहासिक सम्पदा जस्तै धारा, पाटि, पौवा तथा अन्य धार्मिक महत्त्वका स्थानहरूको संरक्षण तथा संवर्द्धन गरौं ।
- ❑ कुनै पनि स्थायी संरचना बनाउँदा नगरपालिकाको अनिवार्य नक्सा स्वीकृति लिई निर्माण गरौं ।
- ❑. आफ्नो टोल, आँगन, चोक, घर हामी आफैंले सफा सुग्घर राखौं, स्वच्छ हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडिको फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामग्रीहरू नराखौं ।
- ❑ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।
- ❑ सडकमा पैदल यात्रीलाई पहिलो प्राथमिकता दिऔं ।

भोजराज बोहोरा
नगर प्रमुख

तुलसी जोशी
उप-प्रमुख

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

वेदकोट नगरपालिका

सिसैया, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल



गीता तृतीय अध्याय

कर्मयोग

–आचार्य खेमराज केशवशरण

यदि ह्यहं न वर्तेयं, जातु कर्मण्य–तन्द्रितः।
मम वर्त्मानु–वर्तन्ते, मनुष्याः पार्थ सर्वशः।२३।

अन्वय- यदि हि अहम् अनन्द्रिः कर्मणि जातु न वर्तेयम्, पार्थ मनुष्याः सर्वशः मम वर्त्म अनुवर्तन्ते।

सरलार्थ- हे अर्जुन ! यदि म सावधान भएर कर्ममा नलाग्ने हो भने यस लोकको ठूलो हानि हुनेछ। किनभने सबैले मेरै बाटो लिने छन्। मेरै जस्तो गर्नेछन्।

भावविशारदा- भगवान् यहाँ आफ्नो कर्म गर्ने विशेषताप्रति साधक जगत्को ध्यानाकर्षण गराउँदै हुनुहुन्छ। म सधैं कर्म गर्दा अतन्त्रित(सावधान) भएर कर्म गर्ने गर्दछु।

आफूले गर्नुपर्ने कर्मप्रति म सधैं सजग रहने गर्दछु। यदि त्यसरी सावधान भएर मैले कर्म गर्ने र अकर्मण्य बनेर बस्ने गरें भने सबैतिरबाट सबै लोकका मानिसहरू मेरै अनुसरण गर्दै अकर्मण्य बन्न थाल्दछन्।

भगवान् त त्रैलोक्यकै लागि आदर्श पुरूष हुनुहुन्छ। यदि भगवान् स्वयंले कर्तव्य कर्मको पालन गर्नुभएन भने तीनै लोकमा कर्तव्य कर्मत्याग गर्ने प्रवृत्ति बढ्दछ। भगवान्का यी सद्वचनहरूले समाजमा अनुशासन, मर्यादा, नैतिकता स्थापित गर्नु पर्‍यो भने त्यसको थालनी ठूला वडाहरूबाटै हुनु पर्दछ भन्ने तथ्यलाई फेरि दृढतासित स्थापित गर्नुभएको छ। सामान्य जनजीवनका लागि ठूलावडा नै आदर्श हुन्छन्। नेतृत्व दिनेहरू नै आदर्श हुन्छन्। सर्वसाधारण त अनुसरण कर्तामात्र हुन्छन् भन्ने तथ्य बताउँदै तिमीले पनि लोक मर्यादालाई ख्याल गरेर कर्म सम्पादन नै गर्नु पर्दछ। कर्तव्यकर्म त्याग्न हुन्न भन्ने कुरा बताइरहनुभएको छ।

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम्।
संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः।२४।

अन्वय- अहम् कर्म न कुर्या चेत् इम लोका उत्सीदेयु, संकरस्य च कर्ता स्याम्, इमाः प्रजा उपहन्याम्।

सरलार्थ- यदि मैले कर्मत्यागको बाटो लिएँ भने सम्पूर्ण मानव समाजको अस्तित्व नै खल्वलिने छ, वर्णसंकर, जातिसंकर, आश्रमसंकर आदि रूपमा संकरताको विकृति सिर्जना गर्ने ठहर्नेछु। यो सम्पूर्ण प्रजाजनको विनाश गर्ने पनि मै सिद्ध हुनेछु।

भावविशारदा- अघिल्लो श्लोकमा भगवान्ले सावधान बनेर कर्म नगरेमा हुन सक्ने हानिको बारेमा सम्झाउनु भएको थियो। यस श्लोकमा चाहिँ कर्मलाई नै त्यागिदिंदा हुन आउने हानिको बारेमा बताउँदै हुनुहुन्छ। अर्जुनले आफ्नो वर्णानुकूल कर्तव्य कर्म त्याग्ने कुरा गरेकाले नै भगवान्ले उनलाई सम्झाउन शुरू गर्नुभएको हो। ठूलाबडाले शास्त्र विहित नियत कर्म त्यागेमा त्यसको देखासिकी गरेर सर्वसाधारण पनि त्यसै गर्न थाल्दछन्। शास्त्रनिहित कर्मप्रतिको आदरभाव त्यागेर मानिस जथाभावी कर्म गर्न थाल्दछ र त्यसबाट थरीथरीका संकरताहरू, वर्ण-वर्ण, जाति-जाति, आश्रम-आश्रम सर्वत्र संकरता भएर समाजको स्थिति लथालिङ्ग हुन पुग्नेछ। अनि आफूले गरेकाबाट त्यही स्थिति सिर्जन पुग्ने भएकोले त्यस्तो स्थिति सिर्जने कारण तत्त्वका रूपमा सबैले मैलाई औंल्याउने छन्। यसरी समाजको लथालिङ्ग चालाको सिर्जना गर्ने व्यक्ति बनेर पूरै समाजको विनाशको जिम्मेवारी समेत मैले आफ्नै शिरमा वहन गर्नुपर्ने छ। त्यसैले लोकसंग्रहलाई हृदयङ्गम गरेर मैले सधैं कर्तव्य कर्म गर्ने गरेको छु।

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम्।२५।

अन्वय- अविद्वांसः कर्मणि सक्ताः यथा कूर्यन्ति लोकसंग्रहं चिकीर्षुः विद्वान् असक्तः तथा कुर्यात्।

सरलार्थ- कर्मको शास्त्रीय रूप सम्झन नसकेको भए पनि कर्म नगरी एकैछिन पनि बस्न हुन्न भन्ने कुरा चाहिं बुझिसकेका अज्ञानीहरू जसरी कर्ममा आसक्ति राखेर निरन्तर लागि पर्दछन् त्यसैगरी ज्ञानीले चाहिं लोकसंग्रहको वहाना राखी अनासक्त मनले निरन्तर कर्म गर्नु पर्दछ।

भावविशारदा- लोकसंग्रह शब्दले लोकसंस्कारलाई मुख्य रूपले लक्ष्यित गर्दछ। कर्मचेतना चाहिँ भएका तर कसरी कर्म गर्ने भन्ने चाहिँ नबुझेका अल्पज्ञहरूलाई लक्ष्य गरेर यहाँ कर्माणि, सक्ता विद्वासः वाक्य प्रयोग भएको छ। कर्ममा त यिनीहरू अत्यन्तै संलग्न रहन्छन्। तत्परता र सावधानी राखेर एकैछिन पनि नछोडी कर्म गर्ने यिनको मानसिकता बनेको हुन्छ। गरेको हरेक कर्म फलदायी नै हुन्छ भन्ने कुरामा यिनीहरू विश्वस्त पनि हुन्छन्। त्यसैले भगवान् यहाँ ज्ञानीले पनि त्यसै गरी नित्य कर्मरत रहनु पर्ने कुरा बताउनु हुन्छ। 'तथा' शब्द प्रयोग गरेर तिनको कर्मप्रतिको संलग्नताको उदाहरण बताइएको छ। तर तिनीहरूले निष्कामताको मर्म बुझेका हुन्नन्। भगवत्समर्पणको भावनाले कर्म गर्न जानेका हुन्नन्। त्यसैले त्यस्तालाई पनि मार्ग दर्शन हुने गरी कर्म नगरी एकैछिन पनि नबस्ने मात्र होइन त्यो कर्म पनि निष्कामता साथ सम्पन्न गरेर कर्मीहरूलाई कर्मयोगी बन्न प्रेरित गर्ने लक्ष्यले ज्ञानीहरूले कर्म गर्नुपर्ने कुरा भगवान् यहाँ संझाइरहनुभएको छ। लोकसंग्रह चिकीर्षु भन्ने वाक्यले कर्मयोगीहरूमा ज्ञान सम्पन्न बनेर कर्महेतुतिर लाग्नेहरूमा अरू कामनाहरू त हुँदैनन्। आफूलाई केही उपलब्ध होस् भन्ने आकांक्षा त रहन्न परन्तु लोकजीवन शुभ संस्कारद्वारा संस्कारित होस् र सुव्यवस्थित जीवन जिउने प्रेरणा सबैले पाउन् भन्ने सदिच्छा चाहिँ रहन्छ भन्ने कुरा स्पष्ट हुन्छ।

क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो। उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं।)

बैशाख महिनाका पर्व तथा विदा

१ गते नयाँ वर्ष/मेष सङ्क्रान्ति/बिस्काः जात्रा
२ गते विश्व कला दिवस
३ गते स्वामी शशिधर जन्मजयन्ती
५ गते विश्व सम्पदा दिवस
७ गते रविसप्तमी व्रत
८ गते गोरखकाली पूजा/छन्द दिवस
९ गते विश्व पृथ्वी दिवस
१० गते विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस
११ गते लोकतन्त्र दिवस/वरूथिनी एकादशी व्रत/विश्व खोप सप्ताह
१२ गते प्रदोष व्रत/विश्व औंलो दिवस
१४ गते मातातीर्थ औंसी
१६ गते परशुराम जयन्ती
१७ गते अक्षय तृतीया/शिव पार्वती विवाह महोत्सव
१८ गते अन्तर्राष्ट्रिय श्रमिक दिवस
१९ गते आद्यगुरू शंकराचार्य जयन्ती/रामानुजाचार्य जयन्ती
२० गते विश्व प्रेस स्वतन्त्रता दिवस
२१ गते रविसप्तमी व्रत/गङ्गा सप्तमी व्रत
२२ गते गोरखकाली पूजा
२३ गते सीता जयन्ती व्रत
२४ गते किराँत समाज सुधार दिवस
२५ गते मोहिनी एकादशी व्रत/विश्व रेडक्रस दिवस
२६ गते कानून दिवस/प्रदोष व्रत
२८ गते नृसिंह जयन्ती/महिला ज्योतिष संघ स्थापना दिवस
२९ गते बुद्ध जयन्ती/उभौली पर्व/चण्डेश्वरी जात्रा/चण्डी पूर्णिमा/कुर्म जयन्ती/गोरखनाथ जयन्ती/पूर्णिमा व्रत/बैशाख स्नान समाप्ति

रामराज्यको महिमा

– सहप्रा. डा. विनु बाबा अर्याल

राज्यरूपी डुङ्गा चलाउनको लागि कुशल, बुद्धिमान र निस्वार्थ नायकको आवश्यकता पर्दछ । जो शासन चलाउनको लागि योग्य छ, जो लोक र आकर्षणबाट अविचलित रहन्छ, त्यो जान्दछ कि वास्तविक सुख के हो ? वास्तविक सुखको तात्पर्य के हो ? त्यस्तो शासक एक दार्शनिक व्यक्ति बन्न सक्छ । अरस्तुको मतानुसार जबसम्म राजा दार्शनिक वा दार्शनिक राजा हुँदैन तबसम्म राज्यको कल्याण हुन सक्दैन । तर प्लेटोको दार्शनिकता साधारण दार्शनिकता भन्दा भिन्न छ ।

प्लेटोको दार्शनिक शासन स्मरण शक्तिमा तीव्र, जान्नको लागि उत्सुक, अद्वितीय, बाह्य आकर्षणप्रति उपेक्षित, वीर, साहसी तथा न्याय र सत्यको भित्र हुनुपर्दछ । वेपरको शब्दमा जसरी जहाजको सुरक्षा कुशल चालकमा निर्भर हुन्छ, त्यसै प्रकारले राज्यको सुरक्षा शासनमाथि निर्भर हुन्छ । (As the safety of the ship depends upan the skilled pilot so the weldare od the state depends upon the developed.) प्लेटोको विचारमा असल र स्थायी सरकार चलाउन ज्ञानवान र गुणसम्पन्न व्यक्तिको आवश्यकता पर्दछ । जुन गुण साधारण मानवमा पाइँदैन ।

वैदिक सनातन धर्म जति प्राचीन छ राजसंस्थाको इतिहास पनि त्यत्तिकै पुरानो छ । आर्यहरूले राजा विनाको समाजको कहिल्यै परिकल्पना पनि गरेनन् । वैदिक सभ्यतामा राजा एवम् हिन्दु संस्कृति र राजसंस्था सधैँ अन्योन्याश्रित हुन्छन् । हिन्दु समाजको पुरातन इतिहासको अध्ययन गर्दा त्यो समाज राजसंस्थाविहीन छँदैछैन । ईश्वरको श्वासबाट निस्किएको वेदलाई देवता र मानव समाजका हितैषी ऋषिमुनि र राजालाई धर्मशासन गर्नका निम्ति प्रदान गरे । (राहुल सांकृत्यायन, ऋग्वैदिक आर्य, इलाहावाद किताव महल १९५७, पृष्ठ ९५-१०३)

आर्य साहित्यको अनुशीलनबाट यो प्रष्ट हुन्छ कि, आर्य संस्कृति र राजसत्ताको इतिहास मानव सृष्टिदेखि नै शुरू भएको हो । राजा वा राजसंस्थाको क्रमबद्ध इतिहास भने वेदमा तथा वैदिक साहित्यमा पाइँदैन । आर्य साहित्य अनुसार वेद ईश्वर प्रदत्त ज्ञान विषयक ग्रन्थ मानिन्छ । राजसंस्थाको सिलसिलेवार वर्णन, उत्तरोत्तर विकासक्रमको वर्णन महाभारत तथा प्राचीन उपाख्यानले भरिएको पुराण साहित्यमा पाइन्छ । वैदिक सनातन समाजको पुरातन इतिहासको अध्ययन गर्दा त्यो समाज राजसंस्थाविहीन छँदै छैन । अतः वैदिक सनातन धर्म जति प्राचीन छ, राजसंस्थाको इतिहास पनि त्यति नै पुरातन छ । वास्तवमा वैदिक सनातन पद्धतिमा धर्म नै न्याय हो र न्यायसँग भौतिक आधारहरू जोडिएका हुन्छन् । आधुनिक सामाजिक न्यायपद्धतिमा परिवर्तित राजनीतिक आधारमा मात्र न्यायलाई हेरिएको हुन्छ । न्यायमा सदाचार पनि समेटिएको हुनुपर्दछ । न्यायको आधार व्यवहार मात्र होइन भन्ने कुरा मनुस्मृतिमा छ । व्यावहारिक धर्म र न्याय समयानुसार परिवर्तित हुँदै जान्छन् ।

अन्ये कृत युगे धर्मास्त्रेतायां द्वापरेपरे ।
अन्ये कलियुगे नृणां युगह्रासानुरतः ॥ (१४७)

युगह्रास हुँदै जाने हुँदा सत्य, त्रेता, द्वापर र कलिका लागि भिन्न भिन्न धर्महरू छन् । मनुले पूर्ण जाग्रत अवस्थालाई सत्ययुग, तीन तिहाई जागृत अवस्थालाई त्रेता, आधामात्र जागृत भएको अवस्थालाई द्वापर र एक तिहाई मात्र जागृत भएको अवस्थालाई कली भनेका छन् । यहाँ जागृत शब्दले चेतन मनलाई बुझाएको हो । यो ज्ञानको अवस्था हो । ज्ञान, तर्क बुद्धिभन्दा माथि हुन्छ ।

यसैले बिस्तारै मानिसहरूमा चेतन मन कमजोर हुँदै जाँदा समाजमा सबैतिरबाट भय, त्रास र कठिनाइहरूको कारणले समाजमा अराजकता फैलिएको हुनाले व्यवस्थित र संयमित समाज निर्माण गर्न र समाजको सुरक्षाको लागि एउटा संस्था निर्माण भयो र त्यसको प्रमुखलाई राजा भनियो ।

वास्तवमा राजा संस्था हो । राजालाई देव अंश मान्नाको पछाडिको रहस्य यो हो कि, राजा पूर्ण सचेत मनको हुनुपर्छ भनिएको छ । राजाले सुशिक्षित र परिस्कृत भएर न्यायपूर्वक विधि विधानपूर्वक समाज र सामाजिक मूल्यहरूको सुरक्षा गर्नुपर्छ । यही राजाको कर्तव्य हो । चार पुरूषार्थमा प्रथम पुरूषार्थ नै धर्म हो । धर्मलाई सुरक्षा गर्न नसक्नेले अरू कुनै पुरूषार्थ पाउन सक्दैन । धर्मका सम्बन्धमा मनुले भनेका छन्– धर्म एव हतो हन्ति धर्म रक्षति रक्षित धर्मको सुरक्षा गर्न सकियो भने सबै सुरक्षित हुन्छन् । धर्म मासियो भने सबैको नाश हुन्छ । न्याय सम्पादनमा कमी आउनु भनेको विनाशतिर जानु हो । धर्म रक्षाकै लागि दण्ड विधान सही हुनुपर्दछ । वास्तवमा राजा व्यक्ति होइन, दण्ड हो । नेता भन्नु पनि दण्ड हो । दण्ड आफैं प्रशासन हो भन्ने कुरातिर यसले संकेत गरेको छ । मनुले दण्डको महत्त्वलाई यसरी दर्शाएका छन्–

दण्डः शास्ति प्रजा शर्वा दण्ड एवाभिरक्षति
दण्ड सुप्तेषु जागर्ति दण्ड धर्म विदुर्बुधा ।

दण्ड कहिल्यै विश्राम गर्दैन । अरू सबै सुतेका बेलामा पनि दण्ड जागेको हुन्छ । त्यसैले विद्वान्हरू दण्डलाई धर्म भन्दछन् । यही कारणले सम्बन्धित निकायले दण्डलाई धर्म मानेको हो । दण्डशक्ति यति तेजिलो हुन्छ कि दुरूपयोग हुँदा दुरूपयोग गर्नेलाई नै जलाइदिन्छ । सदुपयोग भएमा सबै सुरक्षित र शान्त बन्न सक्दछन् । यसर्थ मनु भन्दछन्–

समीक्ष्य स धृतः सम्यक सर्वा रञ्जयति प्रजा ।
असमीक्ष्य प्रणीतस्तु विनाशयति सर्वतः ॥ (१५६)

विचारपूर्वक दिएको दण्डले सबैलाई सन्तोष र सुखी बनाउँछ भने लापरवाही किसिमले दिएको दण्डले सबैको विनाश गर्छ । अनविज्ञ न्यायाधीश र राजाले दण्डलाई सामान्य रूपमा चलाउनु हुँदैन भन्ने मनुको कथन छ । महाभारत शान्तिपर्वको राजधर्म उपपर्वमा पूर्ण रूपले राजाका गुणबारे गम्भीर चर्चा गरिएको छ । संस्कृत भाषामा राजा शब्दको अर्थ हुन्छ, उज्यालो हुने अर्थात् प्रतापवान । महाभारत शान्तिपर्वको ५९ अध्यायमा भीष्मका सामु युधिष्ठिरले भने–

य एश राजा राजेती शब्दश्चरती भारत ।
कथमेश बमुत्पन्न तन्मेब्रुही वितामह ॥

हे भारत ! यो जो राजा भन्ने शब्द प्रचलित छ, त्यसको उत्पत्ति कसरी भयो ? मलाई बताउनुहोस् भनी प्रश्न गरेबाट उपयुक्त लामो चर्चा चलेको थियो । त्यही प्रश्नलाई जवाफ दिँदै भीष्मले पहिले सत्ययुगमा राज्य व्यवस्था थिएन, सबै धर्मका आधारमा परस्परमा मिलेर काम गर्दथे तर पछि गएर ती नरनारीमा लोभ उत्पन्न भएर द्वेष बढ्न गई अनाचार र समाजविरोधी प्रवृत्ति शुरू भयो । धर्मको नाश भयो अनि प्रजापति ब्रह्माले समाजको सुव्यवस्था कायम राख्न दण्ड नीतिको प्रणयन गरे र सो कार्यको लागि राजसंस्थाको स्थापना गरे भन्ने आदि कुराहरू बताए । त्यसै क्रममा भीष्मले–रञ्जीताश्य प्रजा सर्वास्तेन राजेती शब्दयते (सबै प्रजालाई प्रसन्न गर्नुपर्नेलाई राजा भनिन्छ) भन्ने भागवत पुराण ४/१६/१५ ले भीष्म कै त्यही कथन नै दोहोऱ्याएको देखिन्छ । मनुस्मृति ७/१९/१३ ले पनि राजाले प्रजारञ्जन गर्नुपर्ने कुरालाई पुष्टि गरेको छ । मनुको भनाइ अनुसार इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरूण, चन्द्रमा, कुबेर यी देवताहरूको सारभूत अंशलाई लिएर ब्रह्माले राजालाई निर्माण गरेका हुन् ।

राजा कालस्य कारणम् अर्थात् राजा नै युग श्रष्टा हुन् । राजाको सत्चरित्रता र उपर्युक्त गुणवान्ले नै सत्ययुग आउन सक्छ । महाभारत शान्तिपर्व ६९/९८ को समयले राजा बनाउँदछ कि राजाले समय बनाउँदछ भन्ने कुरामा हे युधिष्ठिर तिमीलाई संशय नहोस् किनकि राजाले नै समय बनाउँछन् ।

कालो यवा कारणं रुज्ञो राजा वा काल कारणम्
इति ते संशयो माभूत् राजा कालस्य कारणम् ।

(महाभारत शान्तिपर्व टिप्पणी ७४/ ६९/७९)

कौटिल्यको अनुसार प्रजा सुखे सुखम् राज प्रजानांच हिते हितम नात्म प्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम् । (कौटिल्य अर्थशास्त्र १ अधिकरण १९ अध्याय) अर्थात्, प्रजाको

सुखमा राजाको सुख हुन्छ, प्रजाको हितमा राजाको हित हुन्छ । राजाको आफ्नो कोही प्रिय र हित भन्ने हुँदैन यद्यपि कौटिल्य गणतन्त्र र अन्य प्रकारको शासनसँग परिचित थिए । तर पनि उनले राजतन्त्रलाई सर्वोच्च मानेका छन् ।

कौटिल्यले राजाका आवश्यक गुणहरूमा धेरै जोड दिएका छन् । उनी राजालाई केवल सत्ता उपयोग गर्ने व्यक्तिको रूपमा मात्रै हेर्दैनन् । कौटिल्य राजालाई राजर्षी बनाउन चाहन्छन् । उनका अनुसार राजा कुलीय धर्मको मर्यादा चाहने, कृतज्ञ, दृढ निश्चयी, विचारशील, सत्यवादी, बृद्धहरूप्रति आधारशील, विवेकी, दूरदर्शी उत्साही तथा युद्धमा चतुर हुनु आवश्यक छ । राजा क्रोध, मद, लोभ, भय आदि दुर्गुणबाट टाढा रहनु पर्दछ । राजामा विपत्तिको समयमा प्रजाको रक्षा गर्ने, शत्रुको कमजोरी पत्ता लगाउन सक्ने योग्यता हुनु आवश्यक छ । उनमा नियमअनुसार राज्यकोषमा वृद्धि गर्ने योग्यता हुनुपर्दछ । राजाले कहिले पनि वृद्ध अपाङ्ग दीनहिनको अवहेलना गर्नुहुँदैन ।

कौटिल्यको आदर्श राजाले इन्द्रियहरूलाई आफ्नो बसमा राख्दछन् । यसको अर्थ यो होइन कि कौटिल्य पूरा वैरागी राजा चाहन्छन् । उनी राजालाई धर्म, अर्थ, काम, मोक्ष चार पुरूषार्थलाई उचित रूपले उपभोग गर्ने सल्लाह दिन्छन् । राजाले आफ्नो इन्द्रियलाई बसमा राखेर परस्त्री, अर्काको धर्म, अधर्म, अनर्थबाट टाढा रहनु पर्दछ । यसैगरी मनुले पनि राजालाई राज्यको आधार मानेका छन् । राजाविना राज्यमा अराजकता हुन्छ । राजा ईश्वरीय तत्त्वबाट विभूषित हुन्छन् । सबै व्यक्तिहरूले उनको आज्ञाको पालना गर्नुपर्छ । तर उनी निरंकुश हुनु हुँदैन । उनमा सद्‌गुण सम्पन्नता हुनु अत्यावश्यक छ । मर्यादा र धर्मले उनको निरंकुशता बन्देज गर्दछ । उनले निर्धारित नियम अनुरूप नै शासन गर्नु पर्दछ तर राजा कानून भन्दा माथि हुनुहुँदैन ।

वैदिक युगमा राष्ट्र हितका तीन किसिम थिए । जस्तै पाञ्चजन्यको हित, दोस्रो नर्य हित र तेस्रो थियो मर्यको हित । वेद अनुसार राष्ट्रमा ज्ञानी, सुर, व्यापारी शिल्पी र बन्यपशु यी पाँच वर्ग रहन्छन्, जसको संयुक्त नाम हो पाञ्चजन्य । राष्ट्रको हित गर्नुको मतलव यी पाँचै वर्गको हित गर्नु थियो । यस प्रकार पाञ्चजन्यका हितकर्ता राजाबाहेक अरू कुनै पनि समर्थ हुन सक्दैन । त्यस किसिमका हितकर्ता इन्द्र थिए भन्ने कुरा वैदिक मन्त्रमा उल्लेख आएको छ ।

दोस्रो किसिम 'नर्य' शब्दको वित्पत्ति यस प्रकार छ, जसले मानव समुदायलाई कुकर्मबाट सुमार्गमा लगाउँदछ त्यसको हित गर्नु नै नर्य हो । अथवा नरमते स्वार्थी इति नर तस्मै हितम् । निस्वार्थी व्यक्तिको हित गर्नु नर्य कलाउँछ । तेस्रो किसिममा राष्ट्रमा मर्यको हित गर्नु थियो । सर्वसाधारण जनता तिनको हित गर्नु मर्य हो । यस प्रकार जब पाञ्चजन्यले नर्य र मर्यका हितकर्ता राजा राज्यमा हुन्छन्, त्यस समयमा राष्ट्रको सर्वतोमुखी विकास हुन्छ ।

वेद उपनिषद्, महाभारत, पुराणहरू र स्मृतिहरू आदि सदग्रन्थहरू भन्दा रामायण पनि कम महत्त्वपूर्ण छैन । यस सद्‌ग्रन्थमा अवस्थित वर्णधर्म क्रमअनुसार आआफ्नो धर्मको, कर्मको, शास्त्राचार, देशाचार, कुलाचारले र समयानुकूलको व्यवहारहरू जसलाई हाम्रो स्वस्थ संस्कृति भन्दछौ, जहाँ समस्त दिव्य सद्‌गुण एककृत हुन जान्छ उनै परमात्मा हुन्छ । महर्षी वाल्मीकिले 'मरा' (रामको उल्टो रूप)को जप गरी रामायण रचनाको प्रेरणा पाएका श्रुतिद्वारा पनि रामको महानता सिद्ध भएको छ । अयोध्याका विख्यात राजा दशरथका चार पुत्रहरूमध्येका जेठा सुपुत्र रामलाई मर्यादा पुरूषोत्तम मानेर वाल्मीकीय रामायणमा रामको चरित्र चित्रण गरिएको छ । उनले आफ्नो महाकाव्यका लागि चुनेका नायक सर्वगुण सम्पन्न मर्यादा पुरूषोत्तम राम एकमात्र हुन् । उनले वैयक्तिक र पारिवारिक मर्यादाका साथै राज्य व्यवस्थाको मर्यादा समेतको स्थापनाको निम्ति आजीवन आफूलाई समर्पित गरेका थिए । यस्तो सर्वगुण सम्पन्न चरित्रलाई बाल्मीकिले नायकका रूपमा आफ्नो काव्यमा उतारेका छन् । राममा रहेका अलौकिक गुणहरूलाई लोकसम्मत पात्रमा समायोजन गर्नु वाल्मीकिको उच्च कर्तव्य क्षमता हो । वाल्मीकिले रामायणमा सत्यको महत्त्व यस प्रकार बताउनुभएको छ–

सत्य मेक पदं ब्रह्म सत्य धर्म प्रतिष्ठित ,
सत्यमेवा क्षया वेदा सत्येनऽवाप्येते परम ॥ वा.रा १४/१७

जसको परिणाम सुख हुन्छ जसको फल शुभ हुन्छ त्यस्तो पितृपुजित पद सत्यलाई श्रीरामले राज्य र जीवनको मुख्य आधार मानेका थिए ।

राजाहरूले सत्यको पालना गर्नुपर्दछ किनकि राजाको जस्तो आचरण हुन्छ त्यस्तै आचरण प्रजाको पनि हुन जान्छ। संसारमा सत्य नै सम्पूर्ण रूपमा सर्वसमर्थ र धर्मको आश्रय हो । जगत्को सर्वोच्च सत्यतामा आधारित छ । सत्यभन्दा भिन्न कुनै अर्को परमपद छैन । त्यसैले भगवान् रामले सत्यको जुन शाश्वत महिमाको उद्‌बोध गर्नुभएको छ, त्यसैलाई आधार मानी व्यवहार गरेमा जगत्को कल्याण सम्भव छ भन्ने सन्देश पाइन्छ । उहाँको राज्यमा कुनै पनि प्राणीलाई दैहिक, दैविक र भौतिक ताप थिएन । यसमा श्रीरामको पूरा ध्यान थियो । अतः रामको राज्यमा कोही पनि दुःखी दरिद्री मूर्ख थिएनन् । सबै शुभ लक्षणहरूले सम्पन्न थिए । सबै प्राणी धर्मपरायण एवम् पुण्यात्मा हुन्थे । कपटी लोभी अहंकारी धूर्त आदि पन कसैमा पनि थिएन । सबैमा निस्वार्थ सात्विक भावना थियो । सबैप्रकारको सुख सम्पन्नता थियो । सबैमा परोपकारीताको भावना थियो ।

श्रीरामको राज्यमा दण्ड केवल संन्यासीहरूको हातमा हुन्थ्यो । राजनीतिमा शत्रुलाई जित्नको लागि र चोरडाकाहरूलाई दमन गर्नको लागि साम, दाम, दण्ड र भेदका चार उपाय गरिन्थे । रामराज्यमा कसैको पनि शत्रु थिएनन् । जित्ने शब्द केवल मनलाई जित्नको लागि मानिन्थ्यो । कसैले पनि अपराध गर्दैनथिए र त्यसैले दण्डको कुनै विषय नै हुँदैनथ्यो । दण्ड शब्द केवल संन्यासीहरूको हातमा रहने दण्ड नै बाँकी रहेको थियो ।

लता लहरा र वृक्षहरूले आफ्ना उब्जाउहरू दिन्थे । गाईहरूले कामधेनुले झैं दूध दिन्थे । धर्ती सधैं खेतीले लटरम्म हुन्थे । त्रेतामा सत्ययुगको जस्तो व्यवहार थियो । समस्त जगत्का आत्मा भगवान्लाई जगत्का राजा मानेर पर्वतहरूले अनेकौं प्रकारका मणिहरूका खानी प्रकट गर्दथे । नदीहरूबाट श्रेष्ठ शीतल निर्मल सुखप्रद स्वादिष्ट जल बग्दथ्यो समुद्र आफ्नो मर्यादामा रहन्थे । श्री रामचन्द्रको राज्यमा चन्द्रमाले आफ्ना अमृतमय किरणहरूबाट पृथ्वीलाई पूर्ण गराएका थिए र मेघले माग्दा खेरि जहाँ जति चाहिने हो त्यति नै जल दिन्थे ।क्रमशः

-बत्तीसपुतली, काठमाडौं

वित्तीय चेतनाको लागि नेपाल राष्ट्र बैंकको अनुरोध !

- QR Code, डेबिट/क्रेडिट कार्डको माध्यमबाट नि-शुल्क वा कम लागत र समयमै राजस्व, विभिन्न प्रकारका महसुल, शुल्क, दस्तुर वा अन्य विभिन्न कारोवारको भुक्तानी विद्युतीय माध्यमबाट घरैमा बसेर गर्न सकिन्छ ।
- डिजिटल कारोबार गर्दा पैसा बोक्नुपर्ने झन्झट नहुने मात्र नभई, रकम चोरी हुने/हराउने समस्या रहँदैन ।
- विद्युतीय कारोबारबाट नोटको प्रयोग कम हुँदै जाने भएकाले नोट छपाइ तथा सोको व्यवस्थापन खर्च कम हुन्छ ।
- आफ्नो बैंक खाता रहेको बैंक वा वित्तीय संस्थाबाट विद्युतीय कारोबारसम्बन्धी जानकारी लिऊँ ।
- विद्युतीय भुक्तानीसम्बन्धी कारोबार गर्दा हुनसक्ने ठगीबारे सजग बनौं ।
- विद्युतीय कारोबार गर्दा प्रयोग हुने Login ID, Username, Password, Pincode, Transaction Pin, OTP (One–Time Password) कसैलाई पनि नदिऊँ, बैंक वा वित्तीय संस्थाले कहिल्यै पनि OTP वा Password माग्दैनन् ।

बडाबजारमा श्रीरामकृष्ण

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

साधनाको आवश्यकता

घरका मालिक आएर प्रणाम गरे । यी मारवाडी भक्त श्रीरामकृष्णप्रति ठूलो भक्ति राख्छन् ।

पण्डितजीका पुत्र बसी नै रहेका छन् । श्रीरामकृष्णले सोध्नुभयो, 'के यहाँतिर पाणिनी व्याकरण पढाउने गरिन्छ ?'

मास्टर– हजुर, पणिनी ?

श्रीरामकृष्ण– हो, न्याय र वेदान्त, के यी सब पढाइन्छ ? यी कुराहरूमा घरपति मारवाडीले धेरै चाख देखाएनन् र कुनै जवाफ दिएनन् ।

गृहस्वामी– महाराज हाम्रा लागि उपाय के छ ?

श्रीरामकृष्ण– उहाँका नाम-गुण-कीर्तन र साधुसँग । उहाँसँग व्याकुल भएर प्रार्थना गर्नु ।

गृहस्वामी– महाराज, यस्तो आशीर्वाद दिनुहोस् कि संसारबाट मन हट्दै जाओस् ।

श्रीरामकृष्ण (साहास्य)– संसारमा मन कति छ ? आठ आना ? (हाँसो)

गृहस्वामी– यो सबै त हजुर नै जान्नुहुन्छ । महात्माको दया नभईकन केही पनि हुन्न ।

श्रीरामकृष्ण– ईश्वरलाई सन्तुष्ट गऱ्यो भने सबै सन्तुष्ट हुन जान्छन् । महात्माको हृदयमा पनि त उहाँ नै हुनुहुन्छ ।

गृहस्वामी– "उहाँलाई कसैले पाउँछ भने त कुरा अर्कै भयो । उसले सबै कुरा छोडिदिन्छ । रूपैयाँ पाएपछि मानिसले पैसाको आनन्द छोड्दछ ।"

श्रीरामकृष्ण– तर केही साधनाको आवश्यकता पर्छ । साधना गर्दागर्दै आनन्द मिल्न थाल्छ ।

माटोभित्र गहिरोमा गाग्रीमा धन राखेर गाडिएको छ अनि कसैले त्यो धन झिक्न चाहन्छ भने मिहिनेतसाथ खन्दै गर्नुपर्छ । टाउकोबाट पसिना चुहिन थाल्छ अनि थोरै खनिसकेपछि गाग्रीमा जब कोदाली लागेर ठङ्कार हुन्छ, तब आनन्द पनि खुबै मिल्छ । जति ठङ्कार हुन्छ, उति आनन्द बढ्दै जान्छ । रामलाई पुकार्दै जाऊ, उहाँको चिन्तन गर, उहाँ नै सबै ठीक गरिदिनुहुन्छ ।

गृहस्वामी– महाराज, हजुर राम हुनुहुन्छ ।

श्रीरामकृष्ण– कसरी ? नदीकै तरङ्ग, तरङ्गहरूको नदी कतै हुन्छ ?

गृहस्वामी– महात्माहरूभित्र राम बस्नुहुन्छ । रामलाई कसैले देख्न त पाउँदैन, अनि अब अवतार पनि छैनन् ।

श्रीरामकृष्ण– (साहास्य) कसरी तिमीलाई थाहा भयो कि अवतार छैनन् ?

गृहस्वामी चुपचाप बसे ।

श्रीरामकृष्ण– अवतारी पुरूषलाई सबैले चिन्न पाउँदैनन् ।

नारद जब श्रीरामचन्द्रजीको दर्शन गर्न गए अनि श्रीरामचन्द्रले खडा भएर नारदलाई साष्टाङ्ग प्रणाम गर्नुभयो र भन्नुभयो, "हामी संसारी जीव हौँ, हजुरहरू जस्ता साधु नआइदिए हामी कसरी पवित्र हुन्थ्यौँ ?" पछि जब सत्य पालनार्थ वन जानुभयो, तब देख्नुभयो, राम-वनवासको समाचार पाएर सब ऋषिहरू आहारसम्म छोडेर उहाँलाई हेर्न बसेका थिए । तैपनि उनीमध्ये धेरैलाई थाहा थिएन कि राम अवतार

हुनुहुन्छ ।
गृहस्वामी- हजुर पनि उनै राम हुनुहुन्छ ।
श्रीरामकृष्ण- राम ! राम ! यस्तो कुरा बोल्नुहुन्न ।
यति भनेर श्रीरामकृष्णले हात जोडेर प्रणाम गर्नुभयो र भन्नुभयो, "जो राम घट-घटमा विराजमान छन्, उनैले बनाएको संसार हो यो । म तिमीहरूको दास हूँ । उनै राम यी सबै मनुष्य र जीव-जन्तु हुनुभएको छ ।"
गृहस्वामी- हामी यो कुरा के जानौँ ?
श्रीरामकृष्ण- तिमी जान या नजान । तिमी राम हौ ।
गृहपति- हजुरमा राग-द्वेष छैन ।
श्रीरामकृष्ण- कसरी ? जुन गाडीवालासँग कलकत्ता लैजानुका लागि कुरा भएको थियो, उसले तीन आना पैसा अगाडि नै लिएर गयो तर आएन । ऊदेखि मलाई खुब झोक उठ्यो । अनि थियो पनि बडो खराब मान्छे । हेर न, कति दुःख दियो । क्रमशः

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी
श्रीरामकृष्णवचनामृतबाट अनुदित

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण वडावासी दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना गर्दैहार्दिक शुभकामना अर्पण गर्दछौं ।

- *ऐतिहासिक सम्पदा जस्तै धारा, पाटि, पौवा तथा अन्य धार्मिक महत्त्वका स्थानहरूको संरक्षण तथा संवर्द्धन गरौं ।*
- *जन्म, मत्यु, बसाई सराई, विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।*

काठमाडौं महानगरपालिका वडा नं. ९
गौशाला (बत्तीसपुतली), काठमाडौं

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण वडावासी दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

- *समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।*
- *सडकमा निर्माण सामाग्री, व्यावसाय जन्य ठेलागाडा नराखौं; अव्यवस्थित पार्किङ् नगरी सडक अतिक्रमण हुनवाट रोकौं ।*
- *व्यक्तिगत घटना दर्ता समयमै गरौं !*

जन्म, मत्यु, बसाई सराई, विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

काठमाडौं महानगरपालिका
वडा नं २६
लैनचौर, काठमाडौं

सम्पूर्ण गौप्रेमी भक्तजनहरुमा नव वर्ष २०८२ को हार्दिक शुभकामना ! सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको **संरक्षणमा हातेमालो गरौं !**

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान
फूल पसल लाइन, वनकाली,
सम्पर्कः
९८०८२९७४८५,
९८४१२०४००६

एकादशी विवेचना

–दामोदर पौडेल

सत्ययुगमा एउटा मुर नाम गरेको राक्षस थियो । त्यो अति भयानक, दुष्ट प्रवृत्तिको र अति शक्तिशाली पनि थियो । महाशक्तिशाली दैत्यले ईन्द्रलाई पनि जितेको थियो । मुर राक्षसको डरले स्वर्गको आसन त्यागेर ईन्द्रादि देवताहरू पृथ्वीमा विचरण गर्दै थिए । एकदिन सबै ईन्द्रादि देवता मिलेर भोले बाबाकोमा गए । सबै देवताहरू साथमा आएको देखेर शंकर भगवान्ले सोध्नुभयो– 'हे देवताहरूका राजा देवराज ईन्द्र ! स्वर्गमा के कष्ट आइपर्‍यो र हजुरहरू सबै देवता मिलेर म भएको ठाउँमा आउनुभयो ?'

भोलेनाथको वचन सुनेर ईन्द्रले भने– 'मुर नाम गरेको राक्षसको डरले यी सबै देवताहरू पृथ्वीमा आएका हुन् । ए भोलेनाथ अब हजुरले यिनीहरूको कष्ट निवारण गरिदिनुहोस् । यस्तो उपाय भनिदिनुहोस् कि हामी सबै पुनः स्वर्गमा गएर बस्न मिलोस् ।' भोलेनाथले देवताहरूलाई शरण बत्सल भगवान् श्रीहरि भएको ठाउँमा लिएर जानुभयो ।

भोलेबाबालाई इन्द्रादि देवता सहित आएको देखेर भगवान् विष्णुले त्यहाँ आउनुको कारण सोध्नुभयो । इन्द्रले भगवान् विष्णुसँग मुर दानवको वृत्तान्त सुनाई प्रार्थना गर्दै भन्न लागे– 'हे दीनबन्धु जगन्नाथ श्रीहरी ! हजुर भक्तवत्सल हुनुहुन्छ । त्यसैले हामी हजुरको शरणमा छौं । हाम्रो रक्षा गरिबक्सेला ।'

विष्णु भगवान्ले आँखा राताराता पार्दै रिसले यो मुर भनेको को हो ? यो कहाँ बस्छ ? कसको वंशमा बस्छ भनेर सोध्नुभयो । ईन्द्रले विनम्र हुँदै भगवान् श्री हरिलाई भने– 'पूर्वकालमा ब्रह्मको वंशमा कालजंग नाम गरेको असुरले जन्म लिएको थियो । त्यसको छोरा अति शक्तिशाली मुर नामले चिनियो । चन्द्रावती नाम गरेको नगरमा जन्मेको त्यो मुरले अग्नि, सूर्य, वरूणलाई अर्को उत्पत्ति गरेको थियो । हे विष्णु ! मुर नामक राक्षसले सबै देवतालाई आफ्नो लोकबाट वञ्चित गरेर आफै शासन चलाउँथ्यो । उसको डरले हामी हजुरको शरणमा आएका हौं ।'

ईन्द्रको यस्तो कुरा सुनेपछि भगवान् विष्णु इन्द्रादि सबै देवताहरूको साथमा चन्द्रावती नगरमा प्रवेश गर्नुभयो । मुरले विष्णु भगवान्लाई देख्ने बित्तिकै आफ्नो सेना लिएर आक्रमण गर्न तयार भयो । विष्णु भगवान्सँग भयानक युद्ध भयो । भगवान् विष्णुले सुदर्शन चक्रको प्रयोगद्वारा सयौं राक्षसको वध गर्नुभयो र विष्णु थकित भएर बद्रिका आश्रमको नजिकै सिम्हवती गुफामा आराम गर्न जानुभयो । त्यो राक्षस पनि विष्णु भगवान्लाई खोज्दै त्यही गुफामा पुग्यो ।

भगवान् सुतेको देखेर खुसी हुँदै सजिलै मार्न पाएँ, भन्ने विचार गर्दै थियो । यत्तिकैमा विष्णुको वक्षस्थलबाट एक कन्याको उत्पत्ति भयो । ती कन्या उत्तिकै सुन्दर र अस्त्रशस्त्रले युक्त थिइन् । विष्णु भगवान् समान्कै बल भएकी थिइन् । कन्यालाई देखेर मुर युद्ध गर्न तयार भयो । ती दुई बीच भयानक युद्ध भयो र कन्याले मुरको वध गरिन् ।

भगवान् विष्णु उठेर शक्तिशाली राक्षस मरेको देखेर कन्यासँग सोध्नुभयो– हे सुन्दरी तिमी को हौ ? कहाँबाट आयौ ? यो राक्षसलाई कसले मार्‍यो ? कन्याले उत्तर दिइन्– हे प्रभु ! म हजुरबाट उत्पन्न भएकी हजुरकी पुत्री हुँ । हजुरको कृपाले यसलाई मैले नै मारेको हुँ । कन्याको कुरा सुनेर विष्णु भगवान् खुसी हुँदै वरदान दिनुभयो– आज मंसिर कृष्ण पक्षको एकादशी परेको भएर तिम्रो नाम आजदेखि एकादशी हुनेछ । एकादशीको दिन उत्पन्न भएकी हुनाले उत्पन्ना एकादशी भनेर चिनिन्छ । जसले एकादशीको व्रत बस्दछ, त्यो मान्छे निष्पाप भएर मेरो परमधाम प्राप्ति गर्दछ र त्यसले जन्मनु र मर्नु पर्दैन । यो संसारमा एकादशी समान कुनै पनि व्रत छैन । एकादशीको व्रत लिने मनुष्यले अरू व्रत नलिँदा पनि हुन्छ ।

एकादशी व्रत कहिले बस्ने ?

घटिका पञ्चचत्वारिं स्पर्श मात्रेण गन्धिनी ।
पञ्चाशत् घटिकाञ्चैव सङ्किनी अर्थनाशिनी ॥

पञ्चापञ्चाशतः शल्या पष्टिं विद्वाषु विश्रुताः ।
चतुर्भागं च कर्तव्या घटिकांपश्चदस्तथाः ॥ (वि.पु.)

गन्धिनी, सङ्गिनी, सल्या र विद्वा गरेर एकादशीको चार भेद बताइएको छ । पैतालीस घडीसम्म दशमी छ भने यो एकादशी गन्धिनी भइन् । पचास घडी सङ्गिनी भइन् र पचपन्न घडीलाई सल्या र साठी घडीलाई विद्वा मानिएको छ ।

गन्धिनी भएको एकादशीको व्रत बस्दा धर्मको नाश हुन्छ । सङ्गिनीले धन नाश गर्दछ । विद्वाले मोक्ष नाश र सल्याले कामनाको नाश गर्दछ ।

यै कृता दशमीविद्वाऽविद्यामोहेन मानैत
ते गता नरकं घोर युगान्येकोनसप्ततिम् । (पद्मपुराण)

जो मनुष्य दशमी विद्वा एकादशीको व्रत गर्दछन् त्यो मान्छे उनन्सत्तरी युगसम्म नरकको पाप भोग गरेर बस्दछ । दशमीको दिन दैत्यहरूको उत्पत्ति भएकाले दशमीलाई दोषी मानिएको हो । दशमी विद्वा एकादशी व्रत गर्दा दैत्यहरूको शक्ति बढ्ने हुँदा त्याज्य गरिएको हो ।

अर्द्वरात्रमतिक्रम्य दशमी दृश्यते यदि
तथा ह्येकादशी त्वक्त्वा द्वादशी समुपोषयेत् ।

चार मध्ये विद्वा एकादशीलाई विशेष रूपले निषेध गरिएको छ । नारद पञ्चरात्र अनुसार विद्वा र सुद्वा गरेर दुईवटा भेद छन् । प्रत्येक तिथिको सम्वन्ध पूर्व र पर मध्ये एक तिथिसँग हुन्छ । त्यसैले पूर्व तिथि दशमीसँग सम्वन्धित एकादशीलाई सुद्वाको रूप दिएको छ । त्यसैले शास्त्रले विद्वा एकादशी त्याज्य र सुद्वा एकादशी ग्राह्य मानेको छ । त्यो एकादशीमा द्वादशी मिसिएता पनि त्यसको दोष छैन ।

एकादशी भवेत्पूर्वा परतो द्वादशी भवेत् ।
तदा ह्येकादशीं त्यक्त्वा द्वादशीं समुपोषयेत् ।

एकादशी पूर्ण होस् अथवा पूर्व तिथि, दशमी विद्वा नभए पनि अग्रिम तिथि द्वादशी महाद्वादशीको रूप छ भने अब त्यस्तो अवस्था एकादशी तिथिलाई त्यागेर एकादको व्रत द्वादशीमा गर्नु पर्दछ । शास्त्रको त्यस्तो मान्यता छ ।

व्रत गर्न मिल्ने महाद्वादशी जया, विजया, पापनाशिनी, उन्मिलिनी, वंजुलिनी, त्रिस्पृशा, पक्षवर्द्विनी र जयन्ती हुन् । यी आठ द्वादशीलाई महाद्वादशी भनिन्छ । महिनाको दुवै पक्षमा रोहिणी नक्षत्रले युक्त भएको द्वादशी परेमा जया महाद्वादशीले चिनिन्छ । कुनै पनि महिनाको शुक्ल पक्षको द्वादशी पुनर्वसुले युक्त भएमा पापनाशिनी महाद्वादशी कहलिन्छ । महिनाको दुवै पक्ष (कृष्ण पक्ष या शुक्ल पक्ष) श्रवण नक्षत्रले युक्त भएमा त्यो विजया नामक महाद्वादशी भनिन्छ । एकादशी पूर्ण छ अर्को दिन पनि केही शेष एकादशी नै छ भने त्यो उन्मिलिनी महाद्वादशीले चिनिन्छ । त्यसैगरी एकादशी र द्वादशी सबै छ, त्रयोदशी पनि केही अवशिष्ट भए त्यो वेजुलिनी महाद्वादशीले चिनिन्छ । द्वादशीको क्षय नाश भएर रात्रिमा शेष त्रयोदशी छ भने त्यो त्रिस्पृशा नाम गरेको द्वादशीले चिनिन्छ ।

औंशी या पूर्णिमा तिथि दुईटै बढोत्तरी पक्ष वृद्धि भएमा पक्षवर्द्धिनी महाद्वादशी भनिन्छ ।

पर्वाच्युतजयावृद्वौ इशदुर्गान्तकक्षये
शुद्वारयकादशी प्याज्या द्वादश्यां समुपोषणम ॥

(ब्रह्मवैवर्त पुराण)

पर्व (पूर्णिमा या औशी), अच्युत (द्वादशी), जया (त्रयोदशी)को वृद्वि र इश (अष्टमी), दुर्गा (नवमी) र अन्तक (दशमी) यिनीहरूबाट कुनै एकको क्षय भएमा सुद्ध एकादशीलाई छोडेर पनि द्वादशीको व्रत गर्नुपर्दछ । यो ब्रह्मवैवर्तपुराणको वचन हो । सबै हिन्दुहरूले एकादशीको व्रत लिनु पर्दछ ।❖

–मध्येबानेश्वर काठमाडौं

शुभकामना

नयाँ वर्ष २०८२ को सुखद
अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने समस्त
दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति,
समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

युवा ज्यो. जीवराज पोखेल
अम्बिकेश्वरी ज्योतिष तथा वास्तु परामर्श केन्द्र,
पशुपति, काठमाडौं
पशुपति, मोवाइलः ९८४७९६५४०२

गण्डकी र गायत्री मन्त्रको आध्यात्मिक सम्बन्ध



–भागवतश्री न्यौपाने

गायत्री मन्त्र हिन्दु धर्मको एक सर्वोच्च वैदिक मन्त्र हो, जसलाई वेदमाता, ज्ञानको स्रोत र आध्यात्मिक उन्नतिको आधार मानिन्छ । यही मन्त्रको उत्पत्ति र साधनासँग गण्डकी नदीको गहिरो सम्बन्ध रहेको छ । गण्डकी नदी, हिमालयको काखबाट बग्ने पवित्र नदी, केवल भौगोलिक नदीमात्र होइन, यो आध्यात्मिक चेतनाको प्रतीक पनि हो । गायत्री मन्त्र र गण्डकी नदी दुवैलाई माताको रूपमा सम्मान गरिन्छ, किनभने यिनीहरूले जीवन, ज्ञान र पवित्रता प्रदान गर्छन् ।

गायत्री मन्त्रको प्रादुर्भाव

गायत्री मन्त्रको उत्पत्ति वैदिक कालमा भएको मानिन्छ । यो मन्त्र यजुर्वेदको ॐ भूर्भुवः स्वः र ऋग्वेदको मण्डल (३।६२।१) को संयोजनबाट बनेको छ । यो मन्त्र सवितु (सूर्यदेव) को उपासना गर्न र बुद्धिलाई सन्मार्गमा प्रेरित गर्न प्रयोग गरिन्छ । गायत्री मन्त्रको पूर्ण स्वरूप निम्न छ– ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

यसको अर्थ हो, हामी सूर्यदेव (सविता) को तेजस्वी प्रकाशको ध्यान गर्छौं, जसले हाम्रो बुद्धिलाई सत्य र ज्ञानको मार्गमा प्रेरित गरोस् । गायत्री मन्त्रलाई 'वेदमाता' भनिन्छ किनभने यो मन्त्रले चारै वेदको सारलाई समेट्छ । मान्यताअनुसार, यो मन्त्र सृष्टिको प्रारम्भमा ब्रह्माजीमा प्रकट भएको थियो । पछि, महर्षि विश्वामित्रले कठोर तपस्याद्वारा यो मन्त्रलाई साधारण जनमानससम्म पुऱ्याए । गायत्री मन्त्रको २४ अक्षरले विश्वको त्रिपदीय संरचना (भूः, भुवः, स्वः) लाई प्रतिनिधित्व गर्छ, जसले मानव जीवनको आध्यात्मिक, मानसिक र भौतिक पक्षलाई जोड्छ ।

विश्वामित्रको तपस्या र गण्डकी क्षेत्र

ऋषि विश्वामित्र गायत्री मन्त्रका द्रष्टा (रचयिता) मानिन्छन् । उनले हिमालयको काखमा रहेको गण्डकी क्षेत्रमा कठोर तपस्या गरेर यो मन्त्र प्राप्त गरेको विश्वास गरिन्छ । पुराणहरूमा उल्लेख भएअनुसार, विश्वामित्रले गण्डकी नदीको किनारमा, विशेष गरी मुक्तिनाथ क्षेत्र नजिक तपस्या गरेका थिए । यो क्षेत्र हिमालयको पवित्र भूभाग हो, जहाँ गण्डकी नदीको उद्गम हुन्छ । गण्डकी क्षेत्रलाई तपस्याको लागि आदर्श मानिन्छ, किनभने यहाँको शान्त वातावरण, प्राकृतिक सौन्दर्य र आध्यात्मिक ऊर्जाले साधकलाई ईश्वरसँग जोड्न सहयोग गर्छ । विश्वामित्रको तपस्यास्थल गण्डकी क्षेत्र भएको कुरा विभिन्न पुराणहरू, जस्तै विष्णु पुराण र स्कन्द पुराणमा संकेत गरिएको छ, यद्यपि स्पष्ट स्थानको उल्लेख नभए पनि मुक्तिनाथ र दामोदर कुण्डलाई यस्ता तपस्थलका रूपमा लिइन्छ ।

गण्डकी नदीको उत्पत्ति

गण्डकी नदी हिमालयको दामोदर कुण्डबाट उद्गम हुन्छ, जुन नेपालको मुस्ताङ जिल्लामा अवस्थित छ । यो नदी करिब ८ किलोमिटर लामो छ । यो नदी नेपालको गण्डकी प्रदेश हुँदै भारतको बिहारमा गंगा नदीसँग मिल्छ । गण्डकीलाई 'नारायणी' र 'शालिग्रामी नदी' पनि भनिन्छ, किनभने यसको काखमा शालिग्राम शिला पाइन्छ, जुन भगवान् विष्णुको प्रतीक मानिन्छ । गण्डकीका सातवटा प्रमुख सहायक नदीहरू– काली गण्डकी, त्रिशूली, बूढी गण्डकी, मर्स्याङ्दी, सेती, दरौंदी र मादी, जसले यसलाई अझ पवित्र बनाउँछ । गण्डकी नदीको किनारमा मुक्तिनाथ, रूरू क्षेत्र, त्रिवेणी धाम र गंगा सागर जस्ता तीर्थस्थलहरू छन् जसले यसको आध्यात्मिक महत्त्वलाई झल्काउँछ । गण्डकी नदीमा पाइने शालिग्राम शिला भगवान् विष्णुको स्वरूप मानिन्छ । यही कारणले गण्डकीलाई विष्णुको सान्निध्य भएको नदी मानिन्छ ।

गायत्री र गण्डकीलाई माताको उपमा

गायत्री मन्त्रलाई वेदमाता भनिन्छ, किनभने यो ज्ञान, बुद्धि र आध्यात्मिक जागरणको स्रोत हो । उनले चार वेदको ज्ञानलाई मानवजातिमा प्रदान गरिन् । उनलाई

सूर्यदेवको शक्ति, सरस्वती, लक्ष्मी र पार्वतीको संयुक्त स्वरूप मानिन्छ। गायत्री माताको पाँच शिरले पञ्चप्राण वा पाँच इन्द्रियको प्रतीक मानिन्छ। गायत्री माताले साधकलाई सत्य र धर्मको मार्गमा डोऱ्याउँछिन्। त्यसैगरी, गण्डकी नदीलाई पनि माताको रूपमा सम्मान गरिन्छ, किनभने यो जीवनदायिनी छ। गण्डकीले खेतबारी सिञ्चित गर्छ, मानव र प्राणीको जीवन धान्छ र शालिग्राम जस्ता पवित्र वस्तु प्रदान गर्छ। गायत्री र गण्डकी दुबै सृष्टिको पालन र संरक्षण गर्ने मातृशक्तिको प्रतीक बनेका छन्। गायत्रीले मन र बुद्धिलाई शुद्ध गर्छ भने गण्डकीले शरीर र आत्मालाई पवित्र बनाउँछ। यही समानताले दुबैलाई माताको उपमा दिइएको हो।

गायत्री र गण्डकीको सम्बन्ध

गायत्री मन्त्रमा २४ अक्षर छन्, जसलाई २४ शक्तिहरूको प्रतीक मानिन्छ। यी अक्षरहरूले सृष्टिको विभिन्न आयाम, देवता र ऊर्जालाई प्रतिनिधित्व गर्छन्। गण्डकी नदीसँग यी २४ अक्षरको सम्बन्धलाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ। गण्डकी क्षेत्रमा २४ प्रमुख तीर्थस्थलहरू, जस्तै मुक्तिनाथ, दामोदर कुण्ड, रूरू क्षेत्र, त्रिवेणी धाम आदि छन्। जसलाई गायत्री मन्त्रका अक्षर हरूसँग जोड्न सकिन्छ। यस्तै, गण्डकीको किनारमा पाइने विभिन्न वनस्पति, जस्तै तुलसी, रूद्राक्ष र अन्य औषधीय जडीबुटीहरूलाई पनि यी अक्षरहरूसँग तुलना गर्न सकिन्छ। गण्डकी नदीले प्रदान गर्ने शालिग्राम शिलाहरू पनि २४ प्रकारका हुन्छन् भन्ने मान्यता छ, जसले भगवान् विष्णुका २४ अवतारहरूलाई संकेत गर्छ। यी सम्बन्धहरू गायत्री मन्त्र र गण्डकी नदीको गहिरो एकताको प्रतीक बनेका छन्।

गायत्री मन्त्र र गण्डकी नदीको आध्यात्मिक सम्बन्धलाई तीन प्रमुख पक्षबाट बुझ्न सकिन्छः ज्ञान, पवित्रता र शक्ति। गायत्री मन्त्रले साधकको बुद्धिलाई ज्ञानको ज्योतिले उज्यालो पार्छ भने गण्डकी नदीले स्नान र ध्यानद्वारा आत्मालाई शुद्ध गर्छ। गण्डकी क्षेत्रमा गायत्री मन्त्रको जप गर्दा यी दुई शक्तिहरूको संयोजन हुन्छ, जसले साधकलाई मोक्षको मार्गमा अघि बढाउँछ। गायत्री मन्त्र सूर्यको प्रकाश र ज्ञानको प्रतीक हो भने गण्डकी नदी हिमालयको पवित्र जल र जीवनको प्रतीक हो। यी दुवैको उत्पत्ति हिमालयसँग जोडिएको छ। गण्डकीको जलमा गायत्री मन्त्रको जप वा हवन गर्नाले विशेष आध्यात्मिक लाभ प्राप्त हुने मान्यता छ।

गण्डकी नदीको शालिग्राम शिलालाई भगवान् विष्णुको स्वरूप मानिन्छ र गायत्री मन्त्रलाई विष्णुको शक्ति सवित्रीको प्रतीक मानिन्छ। यी दुवैको संयोजनले साधकलाई भौतिक र आध्यात्मिक समृद्धि प्रदान गर्छ। गण्डकीको पवित्र जलमा स्नान गरेर गायत्री मन्त्र जप्दा साधकको मन, वचन र कर्म शुद्ध हुन्छन्।

गण्डकी तट र शतकुण्डीय गायत्री कोटिहोम

गण्डकी नदीको किनारमा शतकुण्डीय गायत्री कोटिहोम गर्नु अत्यन्त उपयुक्त मानिन्छ, किनभने यो क्षेत्र स्वयंमा तपस्याको केन्द्र हो। सय कुण्डमा कोटिहोम (करोड हवन) गर्नाले वातावरण शुद्ध हुन्छ, सामूहिक चेतना जागृत हुन्छ र साधकहरूमा आध्यात्मिक ऊर्जा सञ्चार हुन्छ। गण्डकीको पवित्र जल र शालिग्रामको उपस्थितिले यस्ता अनुष्ठानको प्रभावलाई अझ बढाउँछ। गण्डकी क्षेत्रमा भएको यस्तो महायज्ञले स्थानीय समुदायलाई पनि आध्यात्मिक र सामाजिक रूपमा जोड्छ।

यो क्षेत्र विश्वामित्रको तपस्थल भएकोले यहाँको वातावरणमा गायत्री मन्त्रको विशेष कम्पन रहेको विश्वास गरिन्छ। सय कुण्डको प्रतीकात्मक अर्थ हो कि, यो हवनले विश्वका सबै दिशा र तत्त्वहरूलाई समेट्छ। गण्डकीको शान्त र आध्यात्मिक वातावरणले साधकलाई गायत्री मन्त्रको गहिरो प्रभाव अनुभव गर्न सहयोग गर्छ। यो हवनले सूर्यदेव र भगवान् विष्णुको कृपा प्राप्त हुने विश्वास छ, किनभने गण्डकीलाई विष्णुको शालिग्राम स्वरूपसँग जोडिन्छ।

शतकुण्डमा गायत्री मन्त्रले करोड हवन गर्नाले व्यक्तिगत, सामाजिक र वैश्विक स्तरमा लाभ हुन्छ। व्यक्तिगत रूपमा यसले मनको शान्ति, बुद्धिको प्रखरता र आत्मिक शक्ति बढाउँछ। सामाजिक रूपमा, यसले समुदायमा सकारात्मक ऊर्जा फैलाउँछ र नकारात्मक शक्तिहरूको नाश गर्छ। वैश्विक स्तरमा यस्तो महायज्ञले पर्यावरण शुद्धिकरण र विश्व शान्तिमा योगदान पुऱ्याउँछ। यसका साथै यस्तो ठूलो हवनले सामूहिक कल्याणको ऊर्जा सिर्जना गर्छ, जसले समाज र विश्वमा सकारात्मक

परिवर्तन ल्याउन सक्छ ।

इतिहासमा गायत्री कोटिहोम विभिन्न तीर्थस्थलहरूमा आयोजना गरिएको छ । हरिद्वार, काशी र अन्य पवित्र स्थलहरूमा यस्ता अनुष्ठान भएका छन् । नेपालमा पनि गण्डकी क्षेत्रमा पहिलेदेखि नै यस्ता यज्ञहरू हुँदैआएका छन् । तर शतकुण्डीय कोटिहोमको स्तरमा भएको यज्ञ दुर्लभ र विशेष मानिन्छ ।

श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम ज्ञानमहायज्ञ गण्डकी क्षेत्रमा आयोजना हुनुले यसको महत्त्वलाई अझ उजागर गर्छ । यो यज्ञ केवल धार्मिक अनुष्ठानमात्र होइन, यो ज्ञान, भक्ति र कर्मको त्रिवेणी हो । गण्डकीको पवित्र भूमिमा यस्तो यज्ञ हुनुले विश्वामित्रको तपस्याको स्मृति जीवन्त राख्छ । यो यज्ञले स्थानीय संस्कृति, पर्यटन र आध्यात्मिक जागरणलाई पनि प्रोत्साहन दिन्छ । गण्डकी क्षेत्रमा भएको यस्तो महायज्ञले विश्वभरका साधकहरूलाई एकत्रित गर्छ र विश्व शान्तिको सन्देश फैलाउँछ ।

गायत्री र गण्डकी जोडिएका संस्कृत श्लोकहरू

गायत्री मन्त्र आफैँमा एक शक्तिशाली श्लोक हो, तर गण्डकी नदीसँग जोडिएका केही श्लोकहरू निम्न छन् जसले यी दुईको सम्बन्धलाई झल्काउँछ–

गायत्री मन्त्रको मूल श्लोकः

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

गण्डकी नदीको महिमा वर्णन गर्ने श्लोक

गण्डकी पुण्यदा नद्यां शालिग्राम शिलामयी ।
यस्याः स्नानात् पवित्रः स्यात् सर्वं विश्वं तु तच्छुभम् ।

(अर्थात्, गण्डकी नदी पवित्र छ, जसमा शालिग्राम शिलाहरू छन् । यसको स्नानले सबै कुरा शुद्ध र विश्व कल्याणकारी हुन्छ ।)

गायत्री र गण्डकीको संयुक्त महिमा

गायत्री मन्त्र जपति यः गण्डकी तीरे सुशान्तः।
तस्य सर्वं शुभं भवति मोक्षं च लभति ध्रुवम् ॥

(जो गण्डकीको किनारमा गायत्री मन्त्र जप्छ, उसको सबै कुरा शुभ हुन्छ र उसले निश्चित रूपमा मोक्ष प्राप्त गर्छ ।)

गायत्री मन्त्र र गण्डकी नदीको सम्बन्ध केवल धार्मिक वा भौगोलिक होइन, यो एक गहिरो आध्यात्मिक एकताको प्रतीक हो । गायत्री मन्त्रले बुद्धिलाई उज्यालो पार्छ भने गण्डकी नदीले आत्मालाई शुद्ध गर्छ । गण्डकी क्षेत्रमा विश्वामित्रको तपस्यादेखि लिएर शतकुण्डीय गायत्री कोटिहोम ज्ञानमहायज्ञसम्म, यो क्षेत्र सधैँ आध्यात्मिक साधनाको केन्द्र बनेको छ । गायत्री र गण्डकीको यो सम्बन्धले हामीलाई जीवन, ज्ञान र पवित्रताको महत्त्व बुझाउँछ । गण्डकीको किनारमा गायत्री मन्त्रको जप र यज्ञ गर्नु भनेको सृष्टिको मूल स्रोतसँग जोडिनु हो । गायत्री मन्त्रले बुद्धि र चेतनालाई जागृत गर्छ, भने गण्डकी नदीले जीवन र पवित्रता प्रदान गर्छ । गण्डकीको किनारमा सय कुण्ड बनाएर गायत्री कोटिहोम गर्नाले साधकले व्यक्तिगत र सामूहिक कल्याण प्राप्त गर्छ । यी दुवैको सम्बन्धले हिन्दु धर्मको गहिरो दर्शन र प्रकृतिसँगको एकताको सन्देश दिन्छ । गण्डकीको जल र गायत्री मन्त्रको संनादले साधकलाई सत्य, शान्ति र मोक्षको मार्गमा डोऱ्याउँछ।

सन्दर्भ ग्रन्थहरू

ऋग्वेदः मण्डल (३।६२।१) मा गायत्री मन्त्रको मूल
यजुर्वेदः गायत्री मन्त्रको प्रणव र व्याहृति समावेश ।
विष्णुपुराणः गण्डकी नदी र शालिग्रामको महिमा ।
स्कन्द पुराणः गण्डकी क्षेत्रको तीर्थस्थलहरूको वर्णन ।
गायत्री तन्त्रः गायत्री मन्त्रको साधना र महत्त्व ।
महाभारतः विश्वामित्रको तपस्याको सन्दर्भ ।
नेपाल महात्म्यः गण्डकी नदी र मुक्तिनाथ क्षेत्रको आध्यात्मिक महत्त्व ।❖

–सेतोपुल, काठमाडौँ

शुभकामना

नयाँ वर्ष २०८२ को सुखद
अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने
समस्त दाजुभाइ, दिदीबहिनीहरूमा सुख,
शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक
मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

ज्यो. नारायणप्रसाद तिमल्सिना
ज्योतिष तथा वास्तु परामर्श
पशुपति, मोवाइलः ९८४१२६३६५९

गत साउन महिनामा पाशुपत क्षेत्रमा ऐतिहासिक श्रीपशुपति कोटिहोमको आयोजना गरी सफल पार्नुभएका बालयोगेश्वर विजयश्री कृष्णमूर्तिजी महाराज यतिबेला पर्यटकीय नगरी पोखरामा ऐतिहासिक शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ- २०८२ को आयोजना गर्दै हुनुहुन्छ । यज्ञ अनुष्ठान लगायतका धार्मिक कार्यहरूलाई समाजमा रहेका कुरीति निवारण गरी सामाजिक जागरण ल्याउन र यज्ञशेषलाई समाज सेवामा प्रयोग गर्ने पवित्र उद्देश्य लिनुभएका उहाँले ललितपुरको बाडेगाउँमा मामाघर अनाथालय सपोर्ट एण्ड केयर सेन्टरमार्फत ८४ जना अनाथ बालबालिकालाई आवासीय सुविधासहित शिक्षा दीक्षाको व्यवस्था गर्दैआउनुभएको छ भने छोरीको घर ज्येष्ठ नागरिक आश्रम अन्तरगत भक्तपुरको ताथलीमा एक दर्जनभन्दा बढी असहाय आमाबुवाको पालनपोषण गर्दैआउनुभएको छ । त्यसैगरी उहाँद्वारा सञ्चालित श्रीमानव सेवा फाउण्डेसन, नेपाल र विजय कृष्णमूर्तिजी महाराज फाउण्डेसन नेपालबाट समेत विभिन्न सामाजिक सेवामुलक कार्य हुँदैआएको छ ।

महाराजजी हरेक व्यक्तिलाई अत्यन्तै सम्मान र आदरभाव प्रकट गर्नुहुन्छ । सबैको भलो चाहने सरल मिजास हुनुभएका विजयमूर्ति महाराजसँग ऐतिहासिक श्रीगण्डकी कोटिहोमको सेरोफेरोमा केन्द्रित रहेर गौरी मासिकका प्रतिनिधि भागवतश्री न्यौपाने र सम्पादक अर्जुन लामिछानेले गर्नुभएका कुराकानीका महत्त्वपूर्ण अंश यहाँ प्रस्तुत गरिएको छ ।

कोटिहोमको माध्यमबाट धार्मिक एवम् सामाजिक जागरण भएको छ

-बालयोगेश्वर विजयश्री कृष्णमूर्ति महाराज

पशुपतिको कोटिहोमपछि यहाँले सातै प्रदेशमा कोटिहोम लगाउने सङ्कल्प गर्नुभएको थियो । अहिले कोटिहोमको निम्ति पोखरा पहिलो रोजाइ बनाउनुभयो, किन ?

सर्वप्रथम त आध्यात्मिक एवम् धार्मिक क्षेत्रमा अगाडि बढिरहेको गौरी पत्रिकाप्रति धन्यवाद अर्पण गर्न चाहन्छु । पोखरा रोज्नुको पछाडि विविध कारणहरू छन् । पोखरा आफैंमा एउटा सुन्दर नगरी हो; एक वर्ष अगाडि मात्रै नेपाल सरकार प्रधानमन्त्री तहबाटै पोखरालाई पर्यटकीय राजधानीको रूपमा घोषणा गरिएको अवस्था छ । यसै गरी नेपाल सरकारले केही वर्ष अगाडि सन् २०२५ लाई नेपाल भ्रमण वर्ष मनाउने समेत निर्णय भएको थियो । सँगसँगै आउँदै गरेको नयाँ वर्ष २०८२ को सन्दर्भ पनि छ ।

यसभन्दा अगाडि गत असार २८ गतेदेखि श्रावण ३२ गतेसम्म जो विशाल पशुपति कोटिहोम सम्पन्न गरेका थियौं, यसले आध्यात्मिक क्षेत्रमा तथा सनातन धर्मको जगेर्नामा ठूलो आयाम ल्याएको छ । सात प्रदेशमा कोटिहोम गरिने सत्सङ्कल्प गरिए पनि पोखरा पहिलो रोजाइमा पर्नुको मुख्य कारण चाहिँ पशुपतिनाथ र मुक्तिनाथको अन्योन्याश्रित सम्वन्धले गर्दा हो ।

भारतीयहरू समेत पशुपतिनाथसँगै मुक्तिनाथको दर्शनको निम्ति अत्यन्तै लालायित हुने गर्दछन् । भारतको चार धामको दर्शन गरेपछि कुनै पनि स्थितिमा पशुपतिनाथ जानुपर्दछ र मुक्तिनाथ जानुपर्दछ । मुक्तिनाथ गएन भने पनि चार धामको यात्रा अपूरो हुन्छ भन्ने जनमानसमा छ । विभिन्न धर्मगुरूहरूले पनि यो कुरा बताउँदै आउनुभएको छ । जसरी हरिद्वार चारधामको द्वारको रूपमा स्थापित छ, पोखरा मुक्तिनाथको द्वार अर्थात् मुक्तिद्वार हो । पोखरालाई प्रचारप्रसारका माध्यमबाट मुक्तिद्वारको रूपमा स्थापित गर्न सकियोस् भन्ने मूल उद्देश्यले र संसारमा

कतै पनि नपाइने शालिग्राम विग्रह, जो अहिले नेपाल र भारतका हरेक मन्दिरमा पुजन भएका छन्, ती सबै केवल कालीगण्डकीबाट लगिएको छ, त्यो शालिग्राम क्षेत्र पनि यहीँ भएकोले शालिग्राम क्षेत्रको मुलद्वार पनि यही रहेको छ । त्यसैले मुक्तिक्षेत्रको प्रचारप्रसार, धार्मिक क्षेत्रको वृद्धि र यहाँको चौतर्फि पर्यटन क्षेत्रलाई अगाडि बढाउने उद्देश्य रहेको छ ।

गण्डकी क्षेत्र, उत्तरवाहिनी क्षेत्र, शालग्राम क्षेत्र, गलेश्वर क्षेत्र, मुक्तिनाथ क्षेत्र, दामोदर कुण्ड साथै कैलाश मानसरोवरको एउटा मुख्य मार्ग समेत पोखरा नै रहेको छ । सँगसँगै श्रीमद्भागवत कथामा वर्णित जडभरतको कथामा राजा भरतले यही कालीगण्डकी क्षेत्रमा आएर तपस्या गर्ने क्रममा मृगको पाठोसँग मोहित भइसकेपछि अर्को जन्ममा मृगको जुनी पाएको र त्यो जुनी समाप्त भएपछि मुक्त भएको कथा प्रसंग छ ।

यति धेरै महिमा बोकेको र पशुपतिनाथसँगै जोडिएको यो क्षेत्र प्रचारप्रसारको दृष्टिले पछाडि परेको अनुभूति भयो । त्यसैले अहिले शङ्कराचार्यदेखि जगद्गुरू र विभिन्न महामण्डलेश्वरहरूका साथै नेपाल र भारतका समेत प्रख्यात विभिन्न कथावाचक गुरूहरूको सहभागितामा यहाँ ऐतिहासिक श्रीगण्डकी शत(सय)कुण्डीय गायत्री कोटिहोम विराट् महायज्ञ– २०८२ को आयोजना गरिन लागिएको हो । शुरूमा यहाँका स्थानीय भक्तजन, विश्व हिन्दु महासंघ, विश्व हिन्दु परिषद् लगायतका संस्थाका पदाधिकारीले यस ठाउँमा आमन्त्रण गर्नुभएको र चौतर्फि रूपमा हेर्दा समेत हामीले यही ठाउँलाई उपयुक्त मानी रोजेका हौं । पोखरा महानगरपालिकाका प्रमुख (नगरपिता)को नेतृत्वमा पोखरा भ्रमण वर्ष पनि घोषणा भएको अवस्था छ । तसर्थ नेपाल भ्रमण वर्ष २०२५, नेपाली नयाँ वर्ष वि.सं. २०८२, पोखरा भ्रमण वर्ष २०२५ समेतको संयोगमा मुक्तिद्वारको रूपमा रहेको पोखरालाई प्रचार प्रसार गर्ने महान् उद्देश्यले हामीले यसपटक महायज्ञको निम्ति पोखरा रोजेका हौं ।

पोखरामा महायज्ञको घोषणा गरी कार्य आरम्भ गरेपछि महानगरसँग निकै टकराव भयो नि । किन यस्तो भयो ? अहिलेको अवस्था के छ ?

दुःखका साथ भन्नु पर्दछ, नेपालमा सनातन धर्मका जगेर्नाका विषयमा सामान्य पुराण लगाउनेदेखि लिएर ठूला ठूला यज्ञयज्ञादि गर्नका लागि धेरै चुनौतिहरू बढ्दै गएको हामीले प्रत्यक्ष देख्दै अनि भोग्दै आएका छौं । यो कुरा आम श्रद्धालु भक्तजनलाई पनि थाहा नै छ । पोखरामा कोटिहोम गर्ने संकल्प भएपश्चात हामी पटक पटक महानगरपालिकामा गएका थियौं; पछि गएर उहाँहरूले हामीसँग समन्वय भएन भन्ने कुरा गर्नुभयो । एक आपसमा धेरै नै गलत बुझाइ भएका कुरा आए । महानगरपालिकाबाट हामीले जग्गा प्राप्त गर्न नसकेपछि नेपाल ट्रष्टको मातहतमा रहेको वाराही घाटको जमिन (सशुल्क) सँगसँगै पर्यटन निर्देशनालयको मातहतमा रहेको हलन्चोकको जमिन (निःशुल्क) प्राप्त गर्‍यौं । त्यसै वरपर केही स्थानीयको जमिन समेत लिइसकेको अवस्था थियो । पछि विविध कारण देखाइ महानगरपालिकाले हुँदैन भनेपछि हामी अदालनसम्म पनि पुगेका थियौं ।

अदालतले समेत कार्यक्रम गर्न नरोक्नु नरोकाउनु भन्ने आदेश दिँदादिँदै महानगर उच्च अदालत पुग्यो । उच्चले समेत हाम्रो पक्षमा फैसला गर्‍यो । तीन तीन पटकका फैसला हाम्रै पक्षमा थिए । तर हामीले भूमि पुजन गर्दैगरेको अवस्थामा महानगरले हस्तक्षेप गरेपछि तनावको स्थिति सिर्जना भयो । समस्या समाधानको निम्ति जिल्ला प्रशासन कार्यालय, महानगरपालिका, जिल्लाका सुरक्षा निकायका प्रमुखहरू लगायतका व्यक्तिहरूको समुपस्थितिमा विवाद समाधान समिति (वार्तासमिति) गठन गरियो । जसमा नेकपा एमालेका संसदीय दलका नेता वडा नं १७ का वडाध्यक्ष राधिका शाही, नेपाली काङ्ग्रेस महानगर संसदीय समितिका नेता वडा नं २ का वडाध्यक्ष दिवशमान प्रधानाङ्ग, फाउण्डेसनका व्यवस्थापक सरहरू विष्णुराज गिरी र विजय केसी र कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी सम्मिलित विवाद समाधान समिति गठन भएपछि विभिन्न क्षेत्रहरू अवलोकन गरियो । अन्तिममा पोखरा महानगरपालिका वडा नं. १७ विरौटामा सदाशिवजी हरिहर सिद्धेश्वर मन्दिरको जमिनमा कार्यक्रम गर्ने तय भएपछि अहिले मन्दिर समितिले, वडा कार्यालयले, महानगरपालिकाले र जिल्ला प्रशासन कार्यालयले समेत अनुमति दिएपछि आवश्यक भौतिक संरचना निर्माण सम्पन्न गरी कार्यक्रमको अन्तिम तयारीमा रहेका छौं । अहिले विगतका कुनै विवाद छैनन्, सबैको साथ सहयोग,

समन्वय र सहकार्यमा यज्ञ अगाडि बढेको म यहाँलाई सहर्ष जानकारी गराउँदछु ।

यस अघिको कोटिहोमभन्दा फरक "गायत्री कोटिहोम" किन रोज्नुभयो ?

सनातन धर्मका अनुयायीहरूले देवीको शक्तिलाई मान्दैआउनुभएको कुरा हामी सबैलाई अवगत नै छ । वैदिक सनातन धर्ममा ॐ (अ उ म)लाई ब्रह्मा, विष्णु र महेश्वरको रूपमा व्याख्या गरिएको पाइन्छ । संसारको सबैभन्दा पहिलो शब्द नै ॐ हो भनी ऋग्वेद सहित चारै वेदमा व्याख्या समेत हुँदैआएको पाइन्छ । ॐ हाम्रो सबैभन्दा ठूलो मन्त्र पनि मानिन्छ । हामी वैदिक सनातन धर्मावलम्बीहरूले गर्ने षोडषोसंस्कारहरूमा व्रतवन्ध पनि एक हो । व्रतवन्धमा गुरूबाट दिक्षा लिएपछि हामीले नयाँ जीवन प्राप्त गर्दछौं भन्ने धार्मिक मान्यता रहेको छ । व्रतवन्धमा दिइने मुख्य मन्त्र भनेको गायत्री मन्त्र हो । यो मन्त्र श्रवण गरिसकेपछि हामीले ब्रह्ममूहुर्तमा उठेर शौच, स्नाादि कर्म सकेर नियमित रूपमा जप गर्ने र उक्त मन्त्रबाट शक्ति प्राप्त गरेर आफ्नो जीवनलाई सुख, शान्ति र समृद्धिमय बनाउन सकिन्छ । गायत्री मन्त्रको साधना (जप र ध्यान)ले मानिसको जीवनमा सकारात्मक ऊर्जा (शक्ति) प्राप्त हुन्छ । ऋषिमुनिदेखि लिएर वर्तमान समयसम्म पनि गायत्रीको विशेष साधना पुरश्चरण (वर्षदिन भित्रमा २४ लाख मन्त्र जप, मार्जन हवन) गरी दैविक शक्ति प्राप्त गर्ने सिद्ध साधकहरू हुनुहुन्छ ।

अहिले नेपालमा गायत्री मन्त्रको अनादर गर्ने, गायत्री मन्त्रको जप नगर्ने, गायत्री मन्त्रको दुरूपयोग गर्ने प्रवृत्तिले यसको वास्तविक महत्त्व घट्दै गएको अनुभूति भएको छ । व्रतवन्ध पछि दुईचार दिन गायत्री जपेजस्तो गर्ने, मन्त्रको अशुद्ध उच्चारण गर्ने र त्यसपछि बिर्सिदिने, विभिन्न आचारबाट भ्रष्ट हुँदै जाने चलन अहिले नेपालमा छ । नेपाल सहित विश्वका करोडौं मानिसले गायत्री मन्त्र दीक्षा प्राप्त गरेका छन् । यसरी सबैभन्दा शक्तिशाली गायत्री मन्त्रको साधना एवम् उपासना गर्नको निम्ति गायत्री कोटिहोमको संकल्प गरिएको हो ।

गायत्री माताको उपासना, गायत्री मन्त्रको उपासना र गायत्री कोटिहोम गरी यसै मन्त्रद्वारा हवन गरियो भने राष्ट्रलाई शक्ति, ऊर्जा प्राप्त हुने र यसैका प्रभावले एउटा छुट्टै सन्देश दिने भएकोले यो महायज्ञको संकल्प गरिएको हो । गायत्री कोटिहोमको माध्यमले राष्ट्रलाई शक्ति प्राप्त हुन्छ, यज्ञमा संलग्न व्यक्तिहरूलाई पनि प्रत्यक्ष लाभ मिल्छ । तसर्थ गायत्री मन्त्र सुनेका जो कोहीले पनि एक पटक गायत्री कोटिहोममा आएर १०८ पटक र त्यो नसके केवल २४ पटक (गायत्रीमा २४ अक्षरहरू छन्) भए पनि यज्ञकुण्ड परिक्रमा गर्ने, मन्त्रप्रति समर्पित भावले गायत्री मन्त्रको महत्ता, गायत्री मन्त्र प्रदान गर्ने गुरूको महत्ता सुनेर गुरू अनि मन्त्रप्रति समर्पित भाव राख्न सक्नुहोस् । मैले त एक पटक भए पनि व्रतवन्ध गर्दा कपाल खौरेको थिएँ, टुप्पी राखेको थिएँ, जनै लगाएको थिएँ, केही दिन भए पनि मैले आचार विचार छोडेको थिइन भन्ने त्यो मान्छेलाई उस समयको पनि याद होस् । यसैको प्रभावले व्यक्तिलाई पछि आचारवान् बनाउने, निष्ठावान् बनाउने, वेदमन्त्रप्रति आस्था र विश्वासभाव जगाउने, त्यसप्रति समर्पित भाव जगाउने महान् उद्देश्यका साथ गायत्रीको टिमबाट त्यो सबैले सुनेको मन्त्रलाई पुनः जागृति भाव ल्याउन सकिन्छ कि अथवा आम जनमानस गायत्री मन्त्रको पुनर्जागरण गर्न सकिन्छ कि भन्ने उद्देश्यले यो महायज्ञ गर्न लागिएको हो ।

यस कोटिहोमले सामाजिक जागरणमा पनि केही भूमिका खेल्छ कि ?

अहिले नेपालमा वैदिक सत्य सनातन धर्ममा ह्रास आएको छ । विश्वभरि सबैभन्दा बढी जनसंख्या क्रिश्चियनहरूको छ । यसैगरी मुसलमान देशहरू पनि अनेकौं छन् । तर, विश्वको एक मात्र हिन्दु राष्ट्र नेपाल अहिले हामीले कानूनी रूपमा गुमाएका छौं । हामीले सनातन हिन्दु राष्ट्र नेपालको जयकार त मनाउँछौं तर वास्तविक रूपमा त्यसो छैन । सनातन हिन्दु धर्मलाई गलत रूपमा व्याख्या गरिंदा आधुनिक भन्नेहरूले यसलाई विभिन्न कोणबाट प्रहार गरेको देखियो । सबैभन्दा बढी प्रहार चाहिँ महिलाहरूलाई दास बनाएको, सतीप्रथा, पुरूषहरूले नारीलाई घरको चुलोचौकोमा मात्र सीमित राखेको, नारीलाई अपमान गरेको जस्ता भ्रमहरू छरेर हिन्दु धर्म गलत छ है भन्ने भाष्य निर्माण गरेर धर्मान्तरण गरिएको पाइयो ।

अर्को कुरा, हाम्रो धर्ममा सबैभन्दा ठूलो कलङ्कको रूपमा रहेको मान्छे मान्छे बीचको भेदभावको कुरा । अन्य

धर्मका मान्छेहरूले एनजिओ आइएनजीओ परिचालन गरेर यस प्रकारको विषयलाई उठान गरी व्यापार गरेको देखिएको छ । साथै पुरातनवादी अन्धविश्वास र पुरातन कुराहरूमा मात्र अल्झिरह्यो भने हाम्रो धर्ममा थप संकट आउँछ । हाम्रो धर्मलाई बचाउन सकिन्न । अब हामी एक्लै पर्छौं भन्ने कुरा मनमा आयो र मैले परिवर्तनका लागि संकल्प लिएँ । महिलाहरूलाई व्यासमा राख्न हुँदैन भन्ने एकथरी गुरु तथा महन्तहरू हुनुहुन्छ । आश्रममा, गुफामा वा आफ्नो निश्चित घेरा भित्र मात्र बसेर अब सनातन धर्म जागरण हुँदैन । तसर्थ धर्ममा केही क्रान्तिकारी स्वभाव भएका गुरुहरू पनि बाहिर निस्कनु पर्दछ । समाजलाई जुटाउँदै जानुपर्दछ । अध्यात्म र विज्ञानलाई जोड्न जान्नुपर्छ । धर्म मात्र भनेर विज्ञानलाई छोडेर हामी अगाडि बढ्न सक्दैनौँ । विज्ञान मात्र भएर पनि अध्यात्म भएन भने अबको जीवन चल्दैन । त्यो हामीले महसुस गरेको हुनाले मानव सेवा फाउन्डेसनले अध्यात्म विज्ञान र सेवालाई संगमको रूपमा लिएर अगाडि बढेको छ । विशेष गरेर छुवाछुत जस्तो जगडिएको विषयलाई उजागर गर्नको लागि निर्मूल गर्नको लागि हामीले अगाडि बढेर सार्वजनिक कार्यक्रममार्फत प्रवचनको माध्यमबाट ठूलो परिवर्तन ल्याउने प्रयास गरेका छौं ।

हामीले जे कर्म गरेका छौं त्यो सबै सनातन धर्मको जगेर्नाको लागि हो । अहिले बनारसमा सयौं नारीहरू गएर पढ्नुभएको छ । कथित दलित भनेर पिछडिएका दाजुभाइहरूमा एउटा आत्मविश्वास जागरण भएको छ । हामी पनि केही गर्न लागेका छौं है धार्मिक जगत्मा भनेर अति ठूलो साहस र हिम्मतका साथ अगाडि बढ्नुभएको छ । पशुपति कोटिहोमका कारण आचार्य कृष्ण दमाई लगायतका व्यक्तिहरूमा निकै उत्साह आएको छ । यहाँको कोटिहोम महायज्ञको प्रारम्भको अवसरमा आयोजित संकल्प सभामा हामीले तराई मूलकी महिलालाई प्रमुख अतिथि बनाएर पहाड र तराई बीचको असमानताको दुरीलाई मेट्ने प्रयास गरेका छौं । विगतमा तराई र पहाडबीचमा कति लडाइ भए हामीले देखेकै छौं । हालसम्म पहाडको कार्यक्रममा एउटा मधेसी महिलालाई ल्याएर सम्मान गरिएको थियो होला त ? प्रमुख अतिथिको रूपमा कसले राखेको छ ? हामीले मुखले बोलेर भन्दा पनि व्यवहारले उदाहरण देखाउने हो । यो कुराले राष्ट्रलाई के सन्देश दिन्छ ? सनातन धर्ममा कस्तो प्रभाव पार्दछ ? आम जनमानसमा यसले सनातन धर्मप्रति कतिको आकर्षण ल्याउँदछ ? भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । त्यसै भएर हाम्रा गतिविधि, हाम्रा क्रियाकलाप र हामीले गरेका कर्महरूबाट समाजलाई सकारात्मक शक्ति र सन्देश देओस् भन्ने हाम्रो ध्येय र लक्ष्य हुन्छ । हाम्रो उद्देश्य हुन्छ हाम्रो ध्येय हुन्छ ।

ज्यादै ठूलो महायज्ञको आयोजना गर्दै हुनुहुन्छ । यसको आर्थिक जोहो कसरी गर्नुभएको छ ?

हामीसँग करोडौं रूपैयाँ भएर यज्ञ आटेका होइनौं । हामीसँग पैसा नभए पनि भगवान्प्रति विश्वास छ । मातृभूमिप्रति अटल श्रद्धा छ । र, हाम्रा शुभचिन्तक जसले सनातन धर्मलाई माया गर्नुहुन्छ, जसले मानव सेवा फाउन्डेसनलाई माया गर्नुहुन्छ, जसले हाम्रा कर्म र सेवालाई माया र सम्मान गर्नुहुन्छ त्यस्ता भक्तहरूको हामीलाई निरन्तर साथ, सहयोग र विश्वास छ । उहाँहरूको एकएक पैसा, सय, हजार लाख जति छ उहाँहरूले सेवा, सहयोगका रूपमा हामीलाई दिने वचन गर्नुभएको छ । जसलाई हामीले याज्ञिक कार्यमा प्रयोग गर्नेछौं । उहाँहरू सहित यहाँका स्थानीय भक्तजनहरूले दिएका दान दातव्यहरूबाट यज्ञको खर्च व्यवस्थापन हुनेछ । पवित्र उद्देश्य लिएर गरिएको विराट् महायज्ञ जस्तो पवित्र कर्मको लागि आर्थिक समस्या पर्दैन भन्ने विश्वासका साथ लाखौं भक्तजनबाट करोडौं रूपैयाँको व्यवस्थापन हुनेछ र बचेको रकमबाट विगतमा गरेका सेवामूलक कार्यलाई सघाउ पुग्नेछ भन्ने हामीले आशा भरोसा र विश्वास राखेका छौं ।

पशुपति कोटिहोममा केही विवादका कुराहरू पनि आए, विशेष गरेर साइत र विधिविधानका कुरा लिएर; यो यज्ञमा पनि त्यस्तै विवाद आउने हो कि ? यस बारेमा कस्तो सजगता अपनाउनु भएको छ ?

पशुपतिको सन्दर्भमा पनि हामीले सबै कुरा विधिविधानपूर्वक नै गरेका थियौ । नेपाल सरकार, संस्कृति मन्त्रालय अन्तर्गत रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले हामीलाई उपलब्ध गराएको असार २८ गतेको साइतबाटै हामीले पूर्वाङ्ग प्रारम्भ गरेका थियौं । र अन्य यज्ञ कर्महरू पनि उहाँहरूले दिएको साइत अनुरूप नै भएको थियो । प्रा.डा. दीर्घराज घिमिरे जस्ता पूर्वीय दर्शनका महान् विद्वान्

आफै उपस्थित भई पूर्वाङ्गको दियो प्रज्वलन गर्नुभएको थियो भने हंसमण्डपको कथा पशुपतिनाथका मूल अर्चक रावल गणेश भट्ट सान्निध्यमा शुभारम्भ भएको थियो । महायज्ञको प्रारम्भ हुनु अगाडि नै २०० भन्दा बढी गुरूहरूले हामीलाई कोटिहोम महायज्ञ सफलताको शुभकामना पनि दिनुभएको थियो । नेपालका अधिकांश कथा व्यासहरूको त्यहाँ शुभकामना आएको थियो । ज्योतिष आचार्यहरूको सन्त महन्तहरूको सबैको शुभकामना आएको थियो । कतिपयले उपस्थिति पनि जनाउनु भएको थियो ।

त्यति हुँदाहुँदै पनि त्यसलाई विवादमा ल्याउने प्रयास गरियो । वास्तविक कुरालाई लुकाएर बाहिर अनर्गल प्रचारप्रसार गरियो । हामीले अनुमति पाएको कुरालाई बेलैमा जनमानसमा पुऱ्याउन नसक्नाले त्यस्ता विवादित कुराले प्रश्रय पाएको हामीलाई महसुस भयो ।

अहिलेको कोटीहोमको कुरा गर्ने हो भने सूर्य उत्तरायणको अवस्था छ । ऋतुहरूमा श्रेष्ठ वसन्त ऋतु हुँ भनी भगवान् श्रीकृष्णले गीतामा स्वयं बताउनुभएको छ, यस्तो उत्कृष्ट ऋतुमा यज्ञ कार्यहरू गर्नु आफैमा उत्तम हुनेछ । यसैगरी यो यज्ञमा पनि हामीले पञ्चाङ्ग निर्णायक विकास समितिको साइतलाई शिरोधार्य गरेका छौं । उहाँहरूले वैशाख ३ गतेको लागि भूमिपूजनको लागि सायद दिनुभएको छ भने वैशाख १७ गते पूर्वाङ्ग १९ गते अन्य क्रियाकलाप गर्ने र पूर्णाहुतिको लागि जेष्ठ २६ गतेको साइत तोकेर दिनुभएको छ । विधिसम्मत, शास्त्रसम्मत, सही समयमा, सही काम र सही बाटोमा हुने निश्चित छ । विधि र विधानको पालनामा हामी अडिग छौं । यसमा थोरै मात्र पनि त्रुटी नगर्ने प्रण गरेका छौं । यसमा निश्चिन्त रहन यसै पत्रिकामार्फत सबै भक्तजनहरूलाई म आह्वान गर्दछु ।

अहिलेका अधिकांस मानिसहरू भौतिकवादी छन्, तत्काल फाइदा खोज्ने गर्दछन् । यो महायज्ञको कारण समग्र पोखरावासीलाई के कस्ता आर्थिक लाभ हुन सक्छन् ?

यो ऐतिहासिक श्रीगण्डकी सतकुण्डीय गायत्री कोटी होम महायज्ञ, आफैमा नामले काफी छ । गण्डकी मैया जहाँ शालग्राम भगवान्को प्रत्यक्ष निवास स्थल छ । सयौं नदीहरूमा हजारौं पटक स्नान गरेको फलभन्दा बढी फल गण्डकी नदीमा एकपटक स्नान गर्नाले प्राप्त हुन्छ भन्ने मान्यता छ । यो गण्डकी प्रदेशको महिमा गाउनको निम्ति, यो क्षेत्रको विश्वभरि प्रचारप्रसार गर्नका लागि, यहाँको महिमालाई सबै सामु पुऱ्याउन कोटीहोमले सहयोग गर्नेछ । यसले यहाँका स्थानीयबासीहरूलाई सबैभन्दा धेरै फाइदा हुनेछ । हुन त यो राष्ट्रको लागि नै फाइदा हुने कुरा हो । अझ भनौ विश्वभरका सनातनीहरूका लागि यो अत्यन्तै सौभाग्यको क्षण हो ।

हाम्रो छिमेकी मुलुक भारतको जनसङ्ख्या एक अर्ब ४० करोड छ । त्यहाँका एक प्रतिशत मानिस मात्रै मुक्तिनाथ आउने हो भने यो क्षेत्रको कायपलट हुन्छ । यहाँ एउटा फूल मात्र बेचेर, जुस पसल मात्र राखेर पनि धेरै आर्थिक लाभ लिन सकिन्छ । यहाँका होटल चल्छन् । पर्यटन व्यवसाय, यातायात व्यवसाय फस्टाउँछ । यज्ञको कारणले धार्मिक पर्यटनसँगै अन्य क्षेत्रको समेत विकास हुने गर्दछ ।

सकारात्मक ऊर्जाको विकास हुनुका साथै व्यक्तिमा नैतिक आचरण पनि बढ्नेछ । अहिले बेरोजगारीको समस्या निकै बढेको छ । यो महायज्ञको कारणले छोटो अवधिको लागि भए पनि रोजगारी सिर्जना हुनेछ । हाम्रो महायज्ञले पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास छ । सारा सम्पदा भएको क्षेत्र भएर पनि हामीले बुझाउन नसक्दा, प्रचारप्रसार गर्न नसक्दा पर्यटकहरूको आगमन हुन सकेको छैन । यस क्षेत्रको सर्वाङ्गीण विकासको लागि आयोजना गरिएको यस यज्ञले यहाँका व्यक्तिहरूलाई हरेक कोणबाट प्रत्यक्ष लाभ मिल्ने छ ।

यो यज्ञको संकल्प भएपछि महानगर आसपासका दर्जनौं व्यक्तिले यहाँ काम गरिरहेका छन् । कास्कीमा २३० जना मानिसले काम गरिरहनुभएको छ जसमध्ये ५० जना त यो कास्की क्षेत्रकै हुनुहुन्छ । यहाँका १५ वटा भन्दा बढी होटल बुक भएका छन् । विगत तीन महिनादेखि स्थानीय व्यक्तिका १०–१५ वटा घर छुट्टै भाडामा समेत लिएका छौं । यहाँ आएका मानिसहरू जो काठमाडौंबाटै आउनुभएको छ, यहीको फलफूल पानी उपभोग गर्नुभएको छ । यहाँ दैनिक गरिने पूजापाठ लगायत कार्यक्रममा आवश्यक फूलमाला रामनामी प्राय हामीले यही खरिद गरेका छौं । प्रचारप्रसारको क्रममा यहींको खाना खाजा खानुभएको छ ।

महायज्ञमा ४०० भन्दा बढी गुरूहरू समावेश हुनुहुन्छ । जो गण्डकी प्रदेशकै व्यक्तिलाई प्राथमिकता दिइनेछ । एउटा व्यक्ति रोजगार हुनु भनेको त्यो परिवारलाई समेत आर्थिक राहत हुनु हो । यज्ञ हुने भएपछि भएपछि सकारात्मक प्रभाव पर्दैछ । धेरै भक्तिमति आमा, दाजुभाइ, दिदीबहिनीहरू यज्ञमा जोडिनुभएको छ । विभिन्न संघसंस्थाहरू आबद्ध हुने क्रम छ । यसबाट आपसमा बन्धुत्व र भाइचाराको सम्बन्ध सुदृढ हुँदै गएको आभास भएको छ । विभिन्न जातजात धर्म सम्प्रदाय बीचमा सुसम्बन्ध कायम गर्न समेत यो यज्ञले महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ । समग्र रूपमा यज्ञले सबैको लागि राम्रो गरेको छ ।

महायज्ञको प्रचार प्रसारको अवस्था कस्तो छ ?

प्रचारप्रसारको क्रममा मानव सेवा फाउण्डेसनका स्वयंसेवीहरू हरेक पालिकाहरूमा पुग्नुभएको छ । उहाँहरूलाई निमन्त्रणा दिनुभएको छ । विभिन्न सञ्चार माध्यमबाट पत्रपत्रिका, रेडियो (एफ.एम.) अनलाइन, युट्युब लगायत अन्य सामाजिक सञ्जालका माध्यमबाट पनि प्रचारप्रसारको काम भैरहेको छ । यसका साथै विभिन्न जिल्लाहरूमा संयोजक तोक्ने, विभिन्न समिति गठन गर्ने काम पनि भइरहेको छ ।

आम भक्तजन यज्ञमा जोडिन चाहनुभयो भने कसरी जोडिने ?

राष्ट्रिय स्तरको एउटा जीवन्त पत्रिका गौरी मासिक पत्रिकामार्फत मेरा परम आदरणीय परमबन्दनीय श्रद्धेय आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरूलाई यो भन्छु कि यो यज्ञमा आएर लाखौंलाख रूपैयाँ दिनुपर्छ भन्ने पनि छैन । यसमा सहभागिता जनाउन पाउनु मात्रै पनि भाग्य मात्रै होइन अहोभाग्य हो । एक युगमा एकचोटी हाम्रो जीवनकालमा एकपटक गण्डकीको कुरा होइन हामीले नेपालमै यस प्रकारको यज्ञ पहिलोचोटि आयोजना गरेका छौं । भविष्यमा भारतमा अथवा अन्य स्थानमा होलान् भइहाले भने पनि लाखौं खर्च गरेर जानुपर्ने अवस्था हुन्छ । आफ्नो घर आँगनमा यति ठूलो यज्ञ हुँदैछ । आफ्नै घर आँगनमा भएको एक चिम्टी माटो ल्याएर भए पनि भूमिपूजन गरौं । सबै दोष निवारण हुनेछ । आफ्नो हातले बत्ती काटेर बत्ती ल्याएर दीप प्रज्वलन गरौं । आफ्नो घरमा भएको एक मुठी अन्न ल्याएर धान्याचलमा तण्डुला चलमा चढाउँ । कमसेकम एउटा ब्राह्मणको मुखमा एउटा गाईको मुखमा वा गुरूकुलका बटुकको मुखमा अन्न त पर्छ ।

तपाईंको घरमा रूद्राक्ष फलेको होला । घरमा फूल होला अथवा दुबोको टुक्रा छ भने त्यसलाई पनि ल्याएर गणेश भगवान्लाई अर्पण गर्न सक्नुहुनेछ । आफूमा जे छ, आफूभित्र जे छ त्यो चिज ल्याएर शुद्ध भावले अर्पण गरौं । जे सकिन्छ त्यही समर्पित भावले अर्पण गर्नुहोला । पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति । तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः । श्रीमदभागवतगीतामा भगवान् श्रीकृष्णले बताउनुभएको छ । हामीसँग जे कुरा अर्पण गर्न योग्य छ त्यही कुरामा भगवान् प्रसन्न हुनुहुनेछ । अरू केही सकिन्न भने एक गाग्रो पानी ल्याएर पनि हामीले भक्तजनलाई खुवाउन सक्दछौं । अरू केही गर्न सकिएन भने आएर कथा सुन्दिने र प्रसाद ग्रहण गर्ने गर्न सकिन्छ । आम भक्तजनहरू यज्ञमा आएर यज्ञको कथा सुनेर, प्रसाद ग्रहण गरेर आफ्नो जीवनलाई धन्य बनाउने र पुण्य लाभ प्राप्त गर्न सक्नुहुन्छ । मुक्तिद्वारमा आएर मुक्ति प्राप्त गर्न सक्नुहुन्छ ।❖

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण वडावासी दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

- जन्म, मत्यु, बसाई सराई, विवाह र सम्वन्ध विच्छेत जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
- नगरपालिका क्षेत्र भित्र व्यवसाय गर्ने सवै प्रकारका व्यावसायीहरूले आफ्नो व्यावसाय वडा कार्यालय/नगरपालिकामा अनिवार्य रूपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
- ऐतिहासिक सम्पदा जस्तै धारा, पाटि, पौवा तथा अन्य धार्मिक महत्त्वका स्थानहरूको संरक्षण तथा संवर्द्धन गरौं ।

काठमाडौं महानगरपालिका वडा नं ८

जयवागेश्वरी, काठमाडौं

गण्डकी प्रदेशका अकलादेवी शक्तिपीठहरू
तथा दुङ्गेसाँघु हरिहर क्षेत्रमा स्थित अकलादेवी मन्दिर

-भरत गिरी

नेपाल अनेकौँ शक्तिपीठहरूले सम्पन्न देश हो । अकलादेवी मन्दिर ती शक्तिपीठ मध्ये एक विशेष शक्तिको प्रतिमूर्ति मान्न सकिन्छ । अकलादेवी मन्दिरको नाम जो कोहिलाई नौलो लाग्न सक्छ तर गण्डकी प्रदेशमा अकलादेवी शब्दले आफैमा विशेष अर्थबोध गराउँछ । अकलादेवीको शक्ति यस प्रकारको गुणविशेष धारण गरेको मान्यता रहदैँ आएको छः

१) अकालमा मृत्यु भएकाहरूदेखि सकालमा मृत्यु भएका सबैलाई तार्न सक्ने क्षमता भएको मुक्ति प्रदान गर्न सक्ने शक्ति ।

२) कला नभएकादेखि लिएर कलायुक्त भक्तहरूको ज्ञान, सामर्थ, संयोजन विकास गरी जीवनमा सुख, शान्ति, समृद्धि, सफलता र प्रसिद्धि प्रदान गराउन सक्ने शक्ति ।

३) सिधा-सादा, अनपढ, अशिक्षित, अल्प शिक्षित, विपन्न, दुःखी, रोगी, पापको प्रभावदोष, ग्रहदोष आदि भइकन मुक्ति र समाधान पाउन नसकेका सबै प्रकारका सहाराविहीन एवम् कमजोर अवस्थामा पीडित भई रहन गएका जनसाधारण वर्गदेखि सम्पन्न अवस्थामा रहेकाहरूमा हुने गरेका कमजोरी एवम् दोषयुक्त अवस्थाहरूलाई समेत समाधान दिलाउन सक्ने शक्ति ।

४) कलियुगको घोर अन्धकारमा ज्ञान र साधनाको कला, विविध प्रकारले क्षमताविहीन रहदैँ आएका सरल स्वभावका व्यक्ति एवम् भक्तहरूलाई पनि शक्ति प्रदान गर्ने भगवती ।

५) अक्कल, युक्ति, बुद्धिको अभावमा जीवन बिताइरहेकालाई अक्कल दिई धर्म, संस्कृति तथा जीवनमहत्त्व बोध गराउने शक्तिका रूपमा आधुनिक समयका विद्यार्थी, बालबालिका, युवा तथा वृद्धावर्गलाई विवेक, बुद्धि, जुक्ति, सीप तथा अक्कल प्रदान गर्ने देवी ।

६) जीवन संघर्षमा बिताइरहेका परिश्रमी, लगनशील व्यक्ति एवम् भक्तजनलाई कठोर परिस्थितिलाई सहेर लामो समयसम्म धीरता साध्न सक्ने सामर्थ दिलाउने भगवती ।

७) पहाड-पर्वत क्षेत्रका अबोध मानिसहरूलाई आफ्ना कूल, कुलायन, कूल नाग, पितृ, पुर्खा, ग्रह विशेषका बाधा समाधान तथा स्व-स्थानीयताका दिव्य पक्ष, पितृ चेष्ठा, जप, भजन-कीर्तन, धर्म सेवा, परिवारकल्याणको मार्ग प्रदान गर्ने पहाडी क्षेत्रमा गोप्य रूपमा अवस्थित दैवीय शक्तिका रूपमा कलियुगमा स्वधर्मप्रति प्रेरणा र उत्साह जगाउने दिव्य शक्ति ।

८) सत्य युगदेखि हाल कलियुगसम्मको जीवन चक्रमा जन्म-पुनर्जन्म लिँदैआएका स्वरूपमा दिव्य आत्माहरू, कलीयुगमा कलाविहीन भई जन्मेका, बाँचिरहेका आत्माहरू, भक्तिविहिन, श्रद्धाविहिन, भावविहिन तथा आत्मिक शक्तिविहिन हुँदै आई अज्ञानतामा हराएकालाई ज्ञान, दिव्यता, बुद्धि, पराक्रम, समृद्धि र सुख-शान्ति दिन सक्ने सरस्वती, लक्ष्मी, दुर्गा महाकालीको रूप धारण गरी वरदान दिने भगवती ।

स्थापनाकालीन पृष्ठभूमि

दिव्य हरिहर क्षेत्रमा अवस्थित अकलादेवी शक्तिपीठ पछिल्लो कालमा स्थापित भएता पनि यहाँको शक्ति रूप सत्ययुगदेखि नै अस्तित्वमा रहेको बुझिन्छ । हरिहर क्षेत्रमा आई भक्ति, दर्शन र तीर्थ स्नान गर्ने भक्तजन तथा कास्की

क्षेत्रलाई आधार बनाई कर्म गर्ने सबै खाले भक्तजनलाई तार्ने उद्देश्यले यस स्थानमा अवस्थित हुनुभएको संस्थापक पुजारी देविलाल भण्डारी बताउनुहुन्छ ।

संस्थापक पुजारी भण्डारीका अनुसार कास्कीकोटस्थित गुप्तकालीका मन्दिर क्षेत्रमा रहँदै आएकी नेपाल अधिराज्य निर्माणकालमा पनि शक्ति प्रदान गरेकी अकलादेवी आकाश मार्गबाट उडेर ढुङ्गेसाँघु हरिहर क्षेत्रमा आई अवस्थित हुनुभएको हो । आफ्नो शक्तिपीठ बारे जानकारी दिलाउन श्री देवीलाल भण्डारीलाई छान्नु भयो जुन क्रममा शरीर प्रकम्पित भई ज्ञान प्राप्त भएको थियो । उहाँ भन्नुहुन्छः "वि.सं. २०५६-९-१७ गते उहाँबारे प्रथम जानकारी भयो । तत् पश्चात वि.सं. २०५७-२-२१ गते मध्य रातको १२:१५ बजे हालको स्थान पत्ता लागेको हो । मलाई दैवीय धून भएर यी सबै जानकारी र शक्तिपीठको पहिचान स्थापित गराउन सफल भएको हो । यो सबै उहाँकै कृपा हो ।"

यस प्रकार दैवीय प्रेरणाले स्थान पत्ता लागेर मन्दिर स्थापना गरिएको देखिन्छ । मन्दिर स्थापनाको समयमा विभिन्न स्थानबाट सयौँको संख्यामा मानिसहरू, भक्तजनहरू जम्मा भएका थिए । तत्पश्चात विधिवत रूपले पुजारीजीद्वारा नै अटूट रूपमा निरन्तर पूजा सेवा हुँदैआएको छ । मन्दिर पाँच तल्लाको बनेको छ जुन पञ्चतत्त्वको आधार, पाँच दिदि-बहिनीको आधार तथा उचाईमार्फत गजुरको उच्च स्थान निर्धारणका लागि बनाइएको हो । अकलादेवीको विशेषता मनुष्य लगायत सबै खाले प्रेतात्मा समेतलाई तार्ने शक्ति भएको हुँदा बौद्ध धर्ममा आस्था राख्ने केही भक्तहरूले ताराको रूपमा मान्ने गरेको पनि पाइएको छ ।

अकलादेवी पाँच दिदि-बहिनीहरुको स्वरुपमा

संस्थापक पुजारी देवीलाल भण्डारीका अनुसार अकलादेवी पाँच दिदी-बहिनीका रूपमा गण्डकी प्रदेशमा प्रख्यात छन् । ती शक्तिपीठहरू निम्न पाँच स्थानमा रहेका छन् :

१) ढुङ्गेसाँघु, हरिहर मन्दिर, कास्की (काईली)
२) लामाचौर, कास्की (माईली)
३) जामुने, तनहुँ (साईली)
४) स्याङ्जा (जेठी)
५) कास्कीकोट, कास्की (कान्छी)

उपर्युक्त स्थानमा अकला मन्दिर शक्तिपीठका रूपमा रहँदैआएका छन् । अकलादेवीलाई कास्की तथा गण्डकी प्रदेशमा एक विशिष्ट शक्तिका रूपमा लोक श्रद्धा गरिने परम्परा दिनहु बढ्दो छ ।

आध्यात्मिक पक्ष

अकलादेवीको विग्रह अष्टभुजा सहितको दुर्गा भगवती स्वरूपमा स्थापित छ । पुजारीजीका अनुसार उहाँ दुर्गारूपमा स्थापित भएता पनि भगवतीमा तीन महाशक्तिहरूको गुण विद्यमान हुने विश्वास राखिन्छ । ती तीन गुण अर्थात महासरस्वती, महालक्ष्मी र महादुर्गा (महाकाली)का शक्ति अन्तरनिहित हुनेहुँदा शक्ति तत्त्व आफैमा पूर्ण हुन्छ ।

पाँच दिदी-बहिनीका सवालमा उहाँ भन्नुहुन्छः "वैदिक धर्ममा पाँचको विशेष महत्त्व छ । शक्ति तत्त्वमा पनि पाँचको विशेषता रहने गर्दछ । अकलादेवी आफैमा पाँच दिदीबहिनीका रूपमा स्थित हुनुमा धर्तीमा पँचतत्त्वको सन्तुलनदेखि वेदमाता गायत्री माताको पाँच शिर र पञ्च कन्यासम्मको सम्बन्धलाई इंगित गरी ज्ञानोदय सहित भक्तिमुक्तिको अवस्थालाई जनाएको हुन्छ ।" उहाँको यो व्याख्यालाई मनन् गर्दा शास्त्रको यस वाणीको स्मरण गर्न सान्दर्भिक देखिन्छः

अहल्या द्रौपदी तारा कुंती मंदोदरी तथा ।
पंचकन्याः स्मरेतन्नित्यं महापातकनाशम् ॥

देवीको बास हृदयमा हुन्छ (हृदय वासिनीदेवी) तर सत्ययुग पछि कलानाशका कारण क्रमश मानवहृदय मलिन हुँदा प्रकृतिको शुद्ध दिव्य तथा तीर्थरूपी स्थानमा बास बस्ने क्रम चल्दै गएको अवस्था बुझ्न सकिन्छ । मन्दिर तीर्थ दर्शनले देवी देवताहरू पुनः भक्तको हृदयरूपी मनमन्दिरमा विराजमान अर्थात पुनर्स्थापित हुने हुदाँ तीर्थ तथा मन्दिरको दिव्य अन्तरसम्बन्ध भक्तजनमाझ हुने बुझिन्छ । ब्रह्माण्डको हरेक आयामको कुनै न कुनै स्थानीय प्रतिबिम्ब हुने गर्दछ । यहि अर्थमा भगवान्को सर्वव्यापकता कण-कणमा समेत प्रतिबिम्बित हुने गर्दछ भन्ने व्याख्या खुल्दछ जुन कुरा आधुनिक क्वाण्टम (सुक्ष्म भौतिक) विज्ञानले समेत प्रमाण जुटाउँदै आएको छ ।

सत्ययुग १६ कला सम्पन्न युग थियो भने वर्तमान कलिमा ती कला नाश भैसकेको अवस्थामा कलाविहीन सहकाल विहीन मनुष्यमा देवत्वको शक्ति पुनजागृत गराई कला, बुद्धि, शक्ति र मुक्ति प्रदान गर्ने सामर्थका साथ अकलादेवी कलियुगकी देवीका रूपमा प्रकट भएको विश्वास दैवीय कृपा प्राप्त पुजारीजीको व्याख्या, पुराण लगायतका विभिन्न वैदिक शास्त्र वाणीहरूको सन्दर्भ विमर्शबाट पुष्टि हुने देखिन्छ । अकलादेवीको स्वरूप दुर्गाको रूपमा यहाँ स्थापित छ । अवचेतन मनको दर्गम स्थानमा (अर्थात सूक्ष्म हृदयमा) अवस्थित हुने देवी शक्ति, भौतिक र भौगोलिक रूपमा पनि दुर्गम स्थानमा रहने, रणक्षेत्रमा दुर्गा (किल्ला) को रक्षा गर्ने रक्षक देवी, धर्म ग्लानीको समयमा धर्म रक्षार्थ शुद्ध पराक्रम जगाउने देवीलाई दुर्गा भनि सम्बोधन गरिन्छ ।❖

त्रिभुवन विश्वविद्यालयबाट श्रीस्वस्थानी संस्कृतिमा शोध गर्ने प्रथम नेपाली शोधकर्ता हुनुहुन्छ ।

कला संस्कृतियुक्त स्वच्छ समुन्नत टोखा नगर'

नगरवासीलाई हार्दिक अनुरोध !

- घर-टहरा आदि संरचना बनाउनु अघि अनिवार्य रूपमा नक्सा पास गरौँ ।
- सवै नगरवासीहरूले आफ्नो टोल, चोक गल्ली, वाटोघाटोका साथै सार्वजनिक जग्गा, मठ-मन्दिर, पाटी-पौवा, नदीनालाहरू र अन्यसार्वजनिक स्थलहरूको संरक्षण गरौं ।
- सार्वजनिक स्थलहरूमा जथाभावी फोहर नगरौं । वातावरण जोगाऔं ।
- नगरपालिकालाई बुझाउन पर्ने सवै खालका करहरू(सम्पति कर, वहाल कर, मालपोत तथा भूमिकर, व्यावसाय कर लगायत अन्य सवै किसिमका कर तथा दस्तुरहरू) समयमानै तिरी कर छुटको सुविधा उपयोग गरौँ र सभ्य नागरिकको परिचय दिऔं ।
- नगरपालिका क्षेत्र भित्र व्यवसाय गर्ने सवै प्रकारका व्यावसायीहरूले अनिवार्य रूपमा आफ्नो व्यावसाय वडा कार्यालय/ नगरपालिकामा अनिवार्य रूपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।

टोखा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
वाग्मती प्रदेश, काठमाडौं, नेपाल

कपिलवस्तुको वास्तु (नगर योजना)

–मनोजकुमार ढुङ्गाना

दक्षिण एसियाको प्रथम राष्ट्र, आर्यवर्त, हिमवत्खण्ड नेपालको पश्चिमपट्टि पर्ने गौतमबुद्धको नगरी कपिलवस्तुको वास्तु कस्तो थियो ? अर्थात् कुन नगर योजना बनेको थियो, त्यहाँ के–के तत्त्व विद्यमान थिए ? सो जान्नुपूर्व एकपल्ट हामी पशुपतिनाथ मन्दिरको परिसरमा जानुपर्ने हुन्छ । पशुपतिनाथ मन्दिरको ठ्याक्क दक्षिणपट्टि ठूलो बडेमानको शिलालेख छ । त्यो शिलालेख प्रख्यात लिच्छवी राजा जयदेव द्वितीयको हो । लिच्छवी राजा जयदेव द्वितीयले आफ्नो वंशवृक्ष बडो गर्वकासाथ लेखेका छन् । त्यसमा लेखिएको छ– 'ब्रह्माका पनाति सूर्यबाट भगवान् मनु हुनुभयो, मनुबाट चक्रवर्ती सम्राट् इच्क्षाकु हुनुभयो । ती चक्रवर्ती सम्राट् इच्क्षाकु अयोध्याका प्रथम शासक हुनुहुन्थ्यो अर्थात् भगवान् रामको नगरीका ।' इच्क्षाकु वंशको परम्परामा एक से एक नामूद राजाहरू भए । उनीहरू न्यायपालक, प्रजापालक, यशस्वी, पुरूषार्थी थिए । भगवान् रामको जन्म इच्क्षाकु वंशमा भएको सर्वविदितै छ ।

बौद्धहरूको महान् ग्रन्थ त्रिपिटकमा साकेतका राजा ओक्काक थिए भन्ने लेखिएको छ । साकेत र अयोध्या एउटै होइन कि भन्ने विषयमा केही मतमतान्तर रहेको छ । तर अधिकांश विद्वान् जस्तै महर्षि पतञ्जली, वरिष्ठ पुरातत्त्वविद्हरू वेल्सन, कर्निंधम, रघुवंश, रामायण आदिले साकेत र अयोध्या एउटै हो भनेका छन् । यी ओक्काक महाराज त्यही इच्क्षाकु वंश परम्पराका थिए र उनको एउटा गजबको विशेषता थियो– उनी केही कुरा गर्दा, आदेश गर्दा मुखबाट आगोको फिलिङ्गो निक्लिन्थ्यो । ती राजाका पाँचवटी रानी थिए– भत्ता, चित्ता, जन्तु, जालिनी र विशाखा । ती रानीहरूबाट पाँचजना राजकुमारी चारजना राजकुमार जन्मेका थिए । समय सुखपूर्वक बित्दै रहेको थियो । एक दिन ओक्काक राजाले फेरि अर्की रानी भित्र्याए । ती कान्छी रानीको गर्भबाट एकजना जन्तु भन्ने राजकुमार जन्मे र ती राजकुमार जन्मेपछि ती कान्छी रानीले अनेक षड्यन्त्र, जालझेल गरी राजा ओक्काकलाई आफ्ना छोरा राजा बनाउने अभिप्रायले ती चारजना राजकुमारलाई देशनिकाला गर्न राजालाई मनाइन् । राजाले पनि बाध्यतावश आफ्ना ती चारजना छोरालाई अयोध्याबाट निष्काशन गर्ने आदेश दिए ।

ती चारजना राजकुमार पनि आफ्ना पिता महाराजको आज्ञालाई शीरोधार्य गरी अयोध्याबाट निस्किए । यसैबीचमा अर्का पाँचजना राजकुमारीहरू पनि आफ्ना पिता महाराज ओक्काकको अनुमति नलिइकन आफ्ना दाजुभाइको पछिपछि लागे । उनीहरूले आपसमा सल्लाह गरी हिमवत् खण्डको कुनै एउटा सुन्दर ठाउँ, जहाँ उर्वर भूमि होस्, त्यहाँ गएर एउटा नयाँ राज्य स्थापना गर्ने विचार लिएर त्यहाँबाट हिँडे । धेरै दिनको लामो यात्रा, कठिन यात्रा, भोक–प्यास खप्दै कपिलवस्तुमा आइपुगे ।

कपिलवस्तु हिमालयको नजिक भएको हुनाले त्यहाँ मन्दमन्द हावा बहिरहेको थियो । उनीहरूले त्यहाँ सालका ठूलाठूला घारी देखे । उनीहरूको अयोध्यामा पनि सालले नै घेरिएको थियो बाहिरको किल्लाको रूपमा । त्यो देखेर उनीहरूलाई आफ्नो मातृभूमिको सम्झना गरायो । उनीहरूले त्यहाँ मुनिहरू जङ्गली धानको चामल खाएर तपस्यामा लीन भइरहेका देखे । ती मुनीहरूको तपस्याको तेजले त्यो क्षेत्र नै आलोकित भएको थियो । उनीहरू कमलको फूल फुल्ने पोखरीमा आइपुगे । त्यो पोखरीको पर मुनिहरूमा श्रेष्ठ कपिल ऋषि तपस्या गरी बसेका थिए ।

कपिल ऋषिलाई उनीहरूले आफूलाई परेको समस्या;

आफ्नो सबै दुःख वृत्तान्त बताए । ती कपिल महर्षिले आफ्ना तेजिला आँखा घुमाउँदै भने– 'राजकुमारहरू, राजकुमारीहरू ! म बसेको ठाउँ शुभसकुन र शुभलक्षणले युक्त छ, उर्वर भूमि छ । तपाईंहरू यहीँ बसेर राज्य गर्नुहोस् ।' कपिल मुनिको आज्ञाबमोजिम उनीहरूले त्यहाँ एउटा नगर बसाउने निर्णय गरे र कपिल ऋषिसँग आवश्यक सल्लाह गर्दा कपिल ऋषिले एउटा अचम्मलाग्दो कुरा बताए ।

उनले भने– 'म यो जल, कमण्डलुमा भर्छु र आकाशमा उड्छु । आकाशबाट म जल खन्याउँछु, तपाईं राजकुमारहरू तल रथमा बसेर म जहाँ–जहाँ जल खन्याउँदै जान्छु, त्यहाँ–त्यहाँ किलो गाड्दै जानू, नगरको चारकिल्ला बन्छ ।' सोहीअनुसार आफ्नो योगबलको सहयोगबाट कपिल ऋषि आकाशमा उडे र पानी खन्याउँदै गए, तल राजकुमार रथमा बसेर किल्ला गाड्दै गए । यसरी कपिलवस्तुको चारकिल्ला बन्यो ।

कपिलवस्तुको विषयमा धेरै बौद्धग्रन्थहरूमा लेखिएको छ, जस्तो अश्वघोषको बुद्धचरित्र, ललीतविस्तार र अरू पालिग्रन्थमा पनि लेखिएको छ । यसको नाउँ तिनै कपिलले बनाएको वास्तु, कपिलको नाउँबाट कपिलवस्तु भन्ने रह्यो । कुनै कुनै प्राचीन ग्रन्थमा यसलाई कपिलाह्यपुर पनि भनिएको छ र यो कपिलवस्तुलाई बनाउने क्रममा पहिला सातओटा पर्खालले नगरलाई घेरियो । यसलाई सात प्राकार भनिन्छ । त्यो पर्खालको बीचमा ठूलाठूला गहिराई भएका परिखा बनाइए अर्थात् ठूलाठूला खाल्डाहरू बनाइयो । त्यहाँ जल भरेर जल भएको गहिरो नदीजस्तो बनाइयो । त्यहाँ ग्राहाहरू र जीवजन्तुहरूलाई छोडियो । यसो गर्नुको कारण सहरमा शत्रुहरूले आक्रमण नगरून् भनेर हो ।

ती प्राकार अर्थात् पर्खालको उचाई अठार हात अग्लो थियो र यसरी धेरै अग्लाअग्ला प्राचीरहरू बनाइयो । ती गिरिबज्रजस्ता देखिन्थे । त्यो किल्लाबाट बाहिर एउटा ठूलो प्रवेशद्वार बनाइयो । ठूला ढोकाहरू निर्माण गरिए । किल्लाबाट जानआउनलाई बाटाहरू बनाइयो । सैनिकहरू अहोरात्र नगरभित्र पहरा दिएर बस्थे र टाढाटाढासम्म शत्रुहरूलाई निगरानी गर्ने व्यवस्था गरियो । नगरको किल्लामाथि वास्तुशास्त्रअनुसार एउटा ठूलो सुन्दर राजपथ बनेको थियो । नगरमा वास्तुशास्त्रले भनेबमोजिम सबै आवश्यक अङ्गहरू थिए, जस्तो अश्वशाला, गौशाला, आरोग्यशाला, चित्रशाला, रङ्गशाला, जलद्रोणीहरू, पुष्प–उद्यानहरू, पन्थागार अर्थात् धर्मशाला र सन्थागार अर्थात् सभा गर्ने कक्ष आदि सबै संरचनाहरू त्यो नगरमा बनाइयो । यो नगर बगैंचैबगैंचाको निर्माण गरी बनाइयो । पाली ग्रन्थमा यसको लिपिबद्ध गरिएको छ ।

सन्थागार अर्थात् सभा गर्ने कक्ष पुरानो भएकाले भगवान् गौतम बुद्धको पालामा नयाँ सन्थागार भवन बनाइयो र उनले उक्त नयाँ सभा भवनको उद्‌घाटन गरे भनिएको छ । एकपल्ट म भारतको औरङ्गावाद, महाराष्ट्रमा रहेको विश्वप्रशिद्ध गुफा, अजन्ता गुफा हेर्न गएको थिएँ । त्यहाँ गुफाभित्र एकजना गाइडले गोलो भवन रहेको देखाए । उनले त्यो कपिलवस्तुको सन्थागार हो भनी बताए । कपिलवस्तुको सन्थागारलाई नै नक्कल गरी ब्रिटिशहरूले दिल्लीमा संसद् भवन बनाएको भनेर बताए । यो तथ्य सुन्दा मलाई एउटा नयाँ कुरा ज्ञान भयो र गर्व पनि लाग्यो । हाम्रो देशमा बनेको प्राचीन भवनको प्रतिकीर्ति अनुसार भारतको पुरानो संसद् भवन बनेको सुन्दा खुशी लाग्नु स्वभाविकै थियो ।

यो नगर (कपिलवस्तु) अनेक पुष्पउद्यानले भरिएको थियो र भिक्षु अश्वघोषको बुद्धचरित्रमा पनि बुद्धको मनलाई बहलाउनका लागि धेरै किसिम-किसिमका रङ्गीविरङ्गी फूलहरूको बगैंचाको वर्णन गरिएको भनेर लेखिएको छ । नगरबाहिर पनि बगैंचा बनाइएको थियो । बुद्ध भगवान्‌ले निर्वाण प्राप्त गरेपछि कपिलवस्तु आउँदा कपिलवस्तु बाहिर नियोग्रधाराराम बगैंचामा विश्राम गरेका थिए । नगरबाट बाहिर जान दुईवटा ठूला-ठूला राजमार्गहरू बनाइए । एउटा राजमार्ग पूर्वतर्फ वैशालीको राजगृह पुगिन्थ्यो भने अर्को पश्चिमतर्फ श्राबस्ती पुगिन्थ्यो । कपिलवस्तुमा बग्ने रोहिणी नदीमा बाँध बाँधिएको र त्यहाँ उर्वर कृषियोग्य जमिन पनि प्रशस्त भएकाले नगरमा मनग्यै आम्दानी हुन्थ्यो ।

इतिहासकारको भनाइअनुसार कपिलवस्तु झण्डै अट्ठाईस सय वर्षअगाडि बनाइएको हो । त्यति अघि नदीमा बाँध हाली त्यसरी गरिएको कार्य सायद विश्वमै पहिलो पल्ट हुन सक्छ, तर यसको अनुसन्धान हुनु जरूरी छ । यो नगरभित्र खाइले घेरिएको अर्को प्राकार थियो । पर्खालले घेरिएको त्यो प्राकारभित्र शाक्यहरूको युद्ध प्रशिक्षण हुन्थ्यो । त्यहाँ विभिन्न अस्त्रशस्त्र राखिएका थिए । यो नगर अत्यन्त सुन्दर थियो र यहाँका बासिन्दाहरू शुद्धाशय, धर्मात्मा र वाणिज्यप्रेमी थिए । यिनीहरूको बन्दव्यापारले गर्दा नगरको धेरै उन्नति-प्रगति भएको थियो ।

यो नगरलाई बौद्धग्रन्थहरूमा पूराधिराज भन्ने उल्लेख गरिएको छ । पूराधिराजको अर्थ हुन्छ, पूरहरूको राजा । त्यति बेला कपिलवस्तु वरपर पाञ्चाल देश, कौशल देश, वैशाली, अयोध्या जस्ता ठूलाठूला राज्यहरू थिए । ती राज्यहरूको तुलनामा कपिलवस्तु सुन्दर भएकाले यसलाई पूराधिराज भनिएको हो । वास्तुशास्त्रअनुसारका भवनहरूले नगर पूर्ण बनाइए । प्रकृतिको नियम, जसलाई वेदमा ऋतमार्ग भनिएको छ, सोही अनुसार बनाइएका ती घरहरूले जहिले पनि सकारात्मक ऊर्जा प्रवाह गर्थ्यो । सो नगर बनाएपश्चात् नगरमा यज्ञादि आवश्यक अनुष्ठान पूरा गरेपछि त्यहाँ सकारात्मक ऊर्जा प्राप्त हुन्थ्यो ।

यो अद्वितीय नगरको निर्माणभएपछि ती राजकुमार र राजकुमारीहरूको बिवाह गर्ने कुरा चल्यो र बिवाह गर्नलाई उनीहरूले आफूलाई इच्छाकु महाराजको अविच्छिन्न परम्परा, गौतम कुलको श्रेष्ठ क्षेत्री ठान्दथे । उनीहरूलाई अभिजात्यपन थियो, उनीहरूलाई रक्तशुद्धतामा ठूलो गर्व थियो । उनीहरू भारतका कुनै पनि राजाका छोरा-छोरीहरूसँग बिवाह गर्दैनथे । त्यसमा उनीहरू कट्टर थिए र पश्चिमपट्टि रहेको नजिकै अर्को राज्य थियो कोलिय । कोलिय राज्यमा उनीहरूको बिवाहवारी चल्थ्यो । ती राजकुमार राजकुमारीहरूको बिवाह कसरी सम्पन्न गर्ने भन्ने विषयमा निकै छलफल गरियो । उनीहरूले सबैलाई विस्मय लाग्नेगरी एउटा निर्णय गरे । निर्णयअनुसार चारजना राजकुमारको बिवाह आफ्नै चार राजकुमारी दिदीबहिनीसँग गर्ने र जेठी रानी प्रियालाई राजमाता मान्ने निर्णय गरे । सोही अनुसार शुभबिवाह सम्पन्न भयो । त्यसै कुलमा भगवान् गौतम बुद्ध जन्मनुभएको थियो ।

भगवान् गौतम बुद्ध जन्मिएको त्यो पवित्र नगरी कसरी ध्वस्त हुन पुग्यो, के गरी बिग्रियो भन्नेमा रोचक वृत्तान्त रहेको छ । कौशल देशका राजा प्रशेनजीतले बिवाह गर्न ती कपिलवस्तुका राजकन्या मागे । शाक्यहरूको कपिलवस्तु कौशल राज्यभन्दा ठुलो थियो । उनीहरूले नाइँ भन्न सक्ने अवस्था पनि थिएन । किनभने उनीहरू आफ्ना सन्तान दिनै चाहँदैन थिए । कौशल देशको राजवंशमा रक्तशुद्धता अभाव थियो । यता प्रशेनजीतलाई शाक्यहरूको त्यो रक्तशुद्धता, त्यो क्षेत्रीयपन आओस् भन्ने आशय थियो । तर उनीहरूले अस्वीकार गर्ने अवस्था पनि थिएन । पहिले यस अगाडि पनि एउटा नराम्रो घटना

घटेको थियो ।

बुद्ध जन्मनुभन्दा लगभग दुई सय वर्षअगाडि कपिलवस्तुमा अभिराज भन्ने शासक थिए । त्यो बेला पाञ्चाल देशका राजाले राजकुमारलाई शाक्य राजकुमारी मागेका थिए, तर अभिराजले ठाडै अस्वीकार गरिदिए । पाञ्चाल देशका नरेशले ठूलो आक्रमण गरेर कपिलवस्तुलाई ध्वस्त पारिदिए । ती अभिराज त्यहाँबाट भागेर कामारूकामाक्षाको बाटो हुँदै बर्मामा गएर नयाँ राज्यको स्थापना गरे । बर्मामा पहिलोपल्ट सभ्य समाज, खेतिपाती गर्ने तरिका आदिको चलन त्यही बेलादेखि चल्यो । अहिले पनि बर्मामा अभिराजको विशेष महिमा र प्रसिद्धि रहेको छ । एक नेपाली बर्मामा गएर प्रथम शासक बनेका थिए । त्यति मात्र नभएर कपिलवस्तुबाट भारतलाई एक गर्ने, झण्डै अफगानिस्तानको गान्धारदेखि लिएर दक्षिणको भारतसम्म एक बनाउने चन्द्रगुप्त मौर्य पनि कपिलवस्तुका थिए ।

यता बिवाहका सन्दर्भमा कौशल देशका नरेश प्रशेनजीतलाई उनीहरूले झुक्याउने विचार गरे । उनीहरूले एक दासी (महानानकी) बाट जन्मिएकी मठ्या कन्या, वासकवत्तालाई झुक्याएर प्रशेतसेनसँग बिवाह गरिदिने निर्णय गरे । सोहीअनुसार शुभबिवाह सम्पन्न भयो र बिवाहपश्चात् बिडुढभ भन्ने राजकुमार जन्मे । एक पटक बिडुढभ आफ्नो मामाघर कपिलवस्तु आएका थिए । बिडुढभ मामाघरमा आइसकेपछि खान बसेका थिए । खाना खाएपश्चात् उनीसहित सबैजना बाहिर निस्के, तर त्यहाँ उनको तरबार छुटेको थियो । तरबार लिन जाँदा उनले त्यहाँ काम गर्नेहरूले आफू बसेको आसनलाई पानी र अरू पदार्थले धोएको देखेर अचम्ममा परे । पछिबाट थाहा भयो कि उनी दासीका पुत्र रहेछन् ।

ती बिडुढभलाई रिसको सीमा भएन । उनले कपिलवस्तुलाई ध्वस्त पार्ने विचार गरे । पछि आफू राजा भएपछि ध्वस्त पार्ने विचारले ठूलो सैनिक लिएर हिंडे । सो कुरा बुद्ध भगवान्ले थाहा पाए र रूख, पात केही नभएको बाटोमा तपस्या गर्न बसे । बिडुढभरले गौतमबुद्धलाई देखे र भने- 'भन्ते ! किन तपाईं छहारीदार वृक्षहरू भएको शीतल ठाउँ नबसेर यस्तो निर्जन, रूख पात नभएको ठाउँमा बसिरहनुभएको छ ?' बुद्धले बिडुढभतिर हेर्दै भने- 'हे राजन् ! नजिकै रहेको मेरो बन्धुबान्धवको छायाँ बढी मलाई शीतल र श्रेयस्कर छ ।' बिडढुभले बुझे, गौतम बुद्ध कपिलवस्तुलाई ध्वस्त हुनबाट बचाउन चाहन्छन् । यो घटना तीन पटक घट्यो, तीनै पटक सैनिक लिएर आउँथे बिडुढभ, बुद्ध बाटोमा बस्नुहुन्थ्यो, बिडुढभ फिर्ता हुन्थे । चौंथो पटकमा भगवान् गौतम बुद्धले अब यो कपिलवस्तु ध्वस्त हुने भएकाले बाटोमा बस्न छोडेको बताए ।

बिडुढभले ठूलो आक्रमण गरे, कपिलवस्तु ध्वस्त भयो । शाक्यहरूको ठूलो संहार भयो, त्यहाँका शासकहरू, प्रजाहरू कोही दक्षिण भारत, कोही श्रीलङ्का पुगे, कोही अफिगानिस्तानको वामियान हुँदै हुँदै रसियासम्म पुगे पनि भनिएको छ । यसरी चारैतिर छरिए । काठमाडौंमा, नेपालमा पनि त्यो बेला निकै शाक्यहरू आएको भनिएको छ । आफ्नो रक्तशुद्धता, जातीय अभिजात्यपन र कुलको कारणले गर्दा सुन्दर, समृद्धशाली नगर ध्वस्त हुन पुग्यो ।❖

–बाबा ज्ञानीगृह, चावहिल, काठमाडौं



पोखरा भ्रमण वर्ष

पोखरा महानगरपालिकाले २० लाख पर्यटक भित्र्याउने लक्ष्य सहित सन् २०२५ लाई पोखरा भ्रमण वर्ष घोषणा गरेको छ । पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको एक वर्ष नवित्दै (२०८० साल चैत ४ गते) पर्यटन वर्ष घोषणा गरिएको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय बद्री पाण्डे र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले संयुक्त रूपमा पर्यटन वर्षको लोगो अनावरण गर्दै गत फागुन ३ गते विशेष समारोहबीच पर्यटन वर्षको घोषणा गर्नुभएको हो । यस अघि सोही दिन अर्थ मन्त्री विष्णु पौडेल तथा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पर्यटन वर्षको शुभारम्भ गर्ने कार्यक्रम अनुसार उद्घाटन सत्रमा बेलुन पड्किएर उहाँहरू घाइते हुनुभएपश्चात मन्त्री तथा मुख्यमन्त्रीले सो घोषणा गर्नुभएको हो ।

पोखरा भ्रमण वर्षलाई लक्षित गर्दै महानगरका ३३ वटै वडामा कम्तीमा एक पर्यटकीय गन्तव्यको पहिचान, विकास तथा प्रवर्द्धन गर्ने नीति महानगरको छ । साथै सन् २०२५ को वर्षभरि नै पोखरामा विविध पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम आयोजना हुने महानगरले जनाएको छ ।

भ्रमण वर्ष सफल बनाउन पर्यटकलाई आकर्षणका लागि महानगरले विभिन्न छुटसहितको प्याकेज घोषणासमेत गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एयर कनेक्टिभिटीका लागि आवश्यक पहलकदमी चलाउने र छिमेकी एवम् मुलुकका मुख्य शहरहरूमा सिधा उडानको व्यवस्था गर्न पहल गर्ने र पोखरा आउने पर्यटकलाई १० देखि १५ प्रतिशतसम्म विशेष छुट सुविधा दिने महानगरको जनाएको छ ।

संसारका विभिन्न शहरमा पोखराबारे प्रचारात्मक अभियान चलाउने, भ्रमण वर्षको अवधिभर स्वदेश र विदेशका ५–५ गरी १० शहरसँग भगिनी सम्बन्ध कायम गर्ने र अन्तर्राष्ट्रिय संघसंस्थाहरूलाई पोखरामा बैठक, इभेन्ट तथा भ्रमणका लागि आह्वान गर्ने महानगरको योजना छ ।

यसैबीच पोखरमा महानगरपालिका वडा नं. १७ बिरौटा सदाशिव हरिहर मन्दिरको जमिनमा आयोजना भएको ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय कोटिहोम विराट् ज्ञान महायज्ञ २०८२ ले महानगरपालिकाले घोषणा गरेको पोखरा भ्रमण वर्ष २०२५ सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिएको छ । महायज्ञको प्रचारात्मक कार्य आरम्भ हुँदादेखि नै पर्यटकीय नगरी पोखरामा आन्तरिक तथा वाह्य धार्मिक पर्यटकको चहलपहल बढेको छ ।❖

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण वडावासी दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

- नगरपालिकालाई बुझाउनु पर्ने करहरू (सम्पति कर, वहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायत अन्य सवै किसिमका कर तथा दस्तुरहरू) समयमानै तिरी कर छुटको सुविधा उपयोग गरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- आफ्नो टोल आंगन, चोक, घर हामी आफैंले सफा सुग्घर राखौं, स्वच्छ हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडिको फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामग्रीहरू नराखौं ।

रामलाल डगौरा थारू	खडक बहादुर शाह	रविन्द्र प्रसाद चौधरी
नगर प्रमुख	उप-प्रमुख	प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पुनर्जीवन ध्यान संस्कार

–माधवप्रसाद अधिकारी

सामान्य मनुष्यको जीवनमा पढाइ लेखाइ गर्नु, जागिर खानु, व्यवसाय गर्नु, विवाह गर्नु, सन्तान पैदा गर्नु, वृद्ध हुनु र अत्यमा मर्नु यही घटनाात्रक्रमनै घटित भैरहेको हुन्छ । तर यसो गहिरिएर चिन्तन गरौं त के यही नै हाम्रो जीवनको मुल उद्देश्य हो त ? पक्कै पनि होइन । हामीले जुन यो शरीर धारण गरेका छौं, यो केवल एक माध्याम मात्र हो सत्कर्म र जीवन सार्थक बनाउन ।

हाम्रो जीवनको उद्देश्य सामान्य होइन । हाम्रो जीवनको उद्देश्य भनेको कर्ममुक्त अवस्थाको प्राप्ति हो । त्यो अवस्था हामीले आफ्नो जीवन कालमा नै प्राप्त गर्न सक्नु पर्दछ । कर्ममुक्त अवस्थालाई नै मोक्षको स्थिति भनिन्छ । त्यो अवस्था प्राप्त भएपछि हामीले कुनै कार्य गर्न आवश्यक पर्दैन, हामीबाट स्वतः कार्य हुन जान्छ । हाम्रो हातबाट विश्वभरिका मानवतालाई जगाउने काम हुनेछ ।



मोक्षको स्थिति प्राप्त गर्नुनै हामीले जन्म लिनुको एक मात्र उद्देश्य हो र त्यो एकमात्र लक्ष्यलाई प्राप्त गर्नको लागि पुनर्जीवन ध्यान संस्कार ग्रहण गर्नु अति आवश्यक छ । यो ध्यान संस्कार ग्रहण गर्नका लागि दैनिक बिहान र बेलुका नियमित रूपमा ३०/३० मिनेट ध्यानमा बस्नु पर्छ । शक्ति प्रवाह बढी हुने भएकाले यो ध्यान सामुहिक रूपमा गर्नु राम्रो हुन्छ । समूहमा बस्न सम्भव नभए एक्लो ध्यान बस्न पनि सकिन्छ ।

सामूहिक ध्यानमा सामेल हुनाले हामी पवित्र र शुद्ध आत्माहरूसँग मिल्न पुग्छौं भने अनेकौं शरीरसँगै रहेर पनि आफूलाई अलग राख्न सक्ने अभ्यास हुन्छ । जसरी कमलको फूल हिलोमा रहेर पनि हिलोबाट अलग रहन्छ त्यसरी नै हामीले पनि सबैका बीचमा रहेर पनि, सबैको साथ रहेर पनि आफ्नो अलग अस्तित्व कायम राख्नु पर्छ । ध्यानको अभ्यास जति चाँडो गर्न सक्यो त्यति नै चाँडो कर्ममुक्त अवस्था प्राप्त हुनेछ । कर्ममुक्तको अवस्था प्राप्त हुनु भनेको मर्नु होइन । यो अवस्था ध्यान साधनाको उच्चतम अवस्था हो, जहाँ मनुष्य कर्मवन्धनबाट मुक्त हुन्छ । पुर्नजीवन मेडिटेसको माध्यमबाट अनेकौं मानिसहरूले यसको लाभ लिन सक्नेछन् । नियमित ध्यान गर्न थालेपछि साधकको जीवनमा अनेकौं अनुभूति प्राप्त हुन थाल्दछन् । आफ्नो जीवनको लक्ष्य थाहा हुन्छ ।

हामी भित्र असीम शक्ति सुषुप्त रूपमा रहेको हुन्छ भने असीम ज्ञानको भण्डार पनि हामीभित्र नै छ । हामी जुन कुरा बाहीरी रूपमा पुस्तकहरूमा पढ्ने गर्छौं, त्यो त खाली जानकारी मात्र हो । जुन कुरा भूतकालमा भएको थियो, खाली त्यसको जानकारी पुस्तकहरूमा हुन्छ । ज्ञान त सधैं नै वर्तमानको हुनुपर्दछ र त्यो ज्ञान सदैव वर्तमानमा रहेर नै पाउन सकिन्छ । त्यसैकारण पुनर्जीवन ध्यानमार्फत सदैव वर्तमानमा रहन सिकिन्छ । वर्तमान कालको प्रत्येक क्षणले भविष्य बनाई रहेको हुन्छ ।

व्यक्तिको भविष्य कस्तो हुन्छ भन्ने आधार उसकै हातमा हुन्छ । वर्तमान जस्तो छ, ठीक त्यस्तै नै भविष्य बन्नेछ । कर्ममुक्त र शून्यको स्थितिले साधक वरपरको वातावरण बदलिदिन्छ । सामान्य मानिसहरू आफ्नो सम्पूर्ण ऊर्जा आफ्नो बाहिरी परिस्थितिलाई ठीक गर्नमा खर्चन्छन् । वास्तवमा बाहिरी परिस्थितिहरू त केवल भित्री परिस्थितिको प्रतिविम्ब मात्र हो । यदि हामीले हामी भित्रको स्थितिलाई ठीक गर्‍यौं भने बाहिरी परिस्थिति स्वतः ठीक हुँदै जान्छ । किनकि आत्मा सधैं परमात्माको ऊर्जासँग जोडिइरहेको हुन्छ । अतः आध्यात्मिक प्रगति गर्नका लागि पुनर्जीवन ध्यान एक मार्ग हो । ध्यानको माध्यमले शरीरभावबाट मुक्त भई

आत्माभावमा रहन मद्दत गर्दछ । अनि त आध्यात्मिक प्रगति स्वतः हुन्छ ।

साधक जबजब ध्यानको गहिराइमा प्रवेश गर्छ ऊ बाहिरी परिस्थिति, बाहिरी वातावरण, बाहिरी समस्याबाट हटेर उसको चित्तले भित्रको यात्रा गराउँदछ । शान्त चित्त भएर केही दिन ध्यानको अभ्यास गरेरमा शान्तिको अनुभूति भैरहने छ । डर र भय हटेर जानेछ । एक्लोपनको महसुस हुने छैन । सकारात्मक भाव पैदा हुनेछ । सामुहिक आत्माहरूको उपस्थितिको अनुभव हुनेछ ।

व्यक्तिको चित्तको प्रभाव उसको मूलाधार चक्रमा पर्दछ । यस चक्रलाईनै आधार चक्र भनिन्छ । चित्त राम्रो ठाउँमा छ भने मूलाधार चक्र पनि राम्रो र बलियो हुन्छ । त्यसले सम्पूर्ण जीवनलाई सक्षम र बलियो आधार प्रदान गर्दछ । यस चक्रलाई सकृय गर्ने सरल र सजिलो तरिका ध्यान तथा मन्त्र साधना हो । केवल २१ दिनको साधनाबाट यसको परिणाम महसुस हुनेछ । व्यक्तिले मन्त्रको जप कति पटक गर्‍यो ? त्यो संख्याको कुनै महत्त्व हुँदैन । तर कति श्रद्धा र भावले गर्‍यो त्यसको महत्त्व हुन्छ ।

श्रद्धाले हाम्रो गुण ग्राह्यतालाई, हाम्रो ग्रहण गर्ने क्षमतालाई बढाउँछ र भावले हामीलाई त्यो उच्च ऊर्जासँग जोडिइरहन सहायता गर्दछ । आफ्ना गुरूलाई परमात्मा मान्नु हाम्रो गुण ग्राह्यताको चरम सीमा हो । आफ्ना गुरूहरूसँग जोडिनुको अर्थ उनीहरूको शरीरसँग रहनु होइन । एउटा सामान्य जस्तो देखिने शरीरलाई नभएर त्यस भित्रको सामूहिक शक्तिवाला आत्मालाई अनुभव गर्नु हो ।

बुद्धिको बाटो सधैं बाहिरै हुन्छ साथै बुद्धिको सम्वन्ध शरीरसँग हुन्छ । त्यसैले सधैं बाहिरी संसारको, अर्काको जानकारी दिन्छ । व्यक्तिलाई ऊ भित्रको यात्रा गराउने केवल भाव हो जसले आफू के हो ? भन्ने देखाउँदछ । व्यक्तिलाई उसको भित्र, निजधाममा जानको लागि प्रेरणा दिने यस संसारमा गुरू नै एकमात्र माध्यम हुन् । व्यक्तिलाई निजधामको यात्रा गराउने गुरूरूपी ती परमात्मालाई खोज्ने र उनको निजधाममा रहन प्रयत्नशील रहनुपर्छ ।❖

पुनर्जीवन मेडीटेशन योग,
गौरीनगर काठमाडौं

'आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी'

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण वडावासी दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

- नगरपालिकालाई बुझाउन पर्ने करहरू(सम्पति कर, वहाल कर, मालपोत तथा भूमिकर, व्यावसाय कर लगायत अन्य सवै किसिमका कर तथा दस्तुरहरू) समयमानै तिरी कर छुटको सुविधा उपयोग गरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- व्यक्तिगत घटना दर्ता जन्म, विवाह वसाईसराई सम्वन्ध विच्छेद, मृत्यु ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
- कुनै पनि स्थायी संरचना बनाउँदा नगरपालिकाको अनिवार्य नक्सा स्वीकृति लिई निर्माण गरौं ।

विरेन्द्र भट्ट
नगर प्रमुख

शारदा देवी रोकाय
उप-प्रमुख

धर्मराज बिनाडी
प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगपालिका
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

कालीगण्डकी पदयात्रा गरिने

आगामी जेठ २२ गतेदेखि देवघाटधामबाट दामोदरकुण्डसम्म कालीगण्डकी पदयात्रा गरिने भएको छ। कालीगण्डकी नदीलाई चौतर्फि आक्रमण गरी यसको अस्तित्व नै मेट्न लागिएको विषम परिस्थितिमा यस नदी र नदी तटमा रहेका धार्मिक तीर्थस्थलहरूको महिमालाई जनसमक्ष प्रचारप्रसार गर्ने उद्देश्यले सो पदयात्राको आयोजना गर्न लागिएको महेश संन्यास आश्रमका पीठाधीश्वर श्री १००८ स्वामी रमणानन्द गिरीले बताउनुभयो। समुद्र सतहबाट २२० मिटर उचाईमा रहेको देवघाटबाट आरम्भ हुने सो पदयात्रा करिव ४३१ किमी पार गरी दामोदर कुण्डमा पुगेर समापन गरिने जनाइएको छ। सो पदयात्रामा सन्तमहन्त र सर्वसाधारण गरी १०८ जनाको सहभागिता हुने र दामोदर कुण्डमा पुगेपछि भने सवारी साधनको प्रयोग गरी फर्कने योजना रहेको छ।

कालीगण्डकी संसारकै ठुलो हिमशृङ्खलाबाट उत्पन्न भएर नेपालको मध्यभागलाई सिञ्चन गर्दै बग्ने संसारकै पवित्रतम देवनदी हो। यसका तटवर्ती क्षेत्रहरूमा हजारौं वर्षदेखि मानवीय अस्तित्व संरक्षित रहेको छ। जसका कारण कालीगण्डकीका किनारमा अनेकौं जीवन, संस्कृति र सभ्यताहरू विकसित भएका छन्। विश्वमा देवताको प्रत्यक्ष स्वरूप मानिने शालिग्राम यसै नदीमा मात्र उपलब्ध हुने भएकाले पुराण वाङ्मयले कालीगण्डकीलाई देवनदीका रूपमा वर्णन गरेका छन्। यसै तथ्यलाई अवलम्बन गरेर हजारौं तपस्वी ऋषिमुनिहरूले गण्डकीका पवित्र किनारहरूलाई विचार र ज्ञानसाधनाको केन्द्रका रूपमा प्रयोग गर्दैआएका छन्।

धार्मिक, पौराणिक र आध्यात्मिक ऊर्जाका अतिरिक्त अनुपम प्राकृतिक सौन्दर्य, जैविक विविधता र पर्वतीय जनजीवनको जीवन्त सम्पदाका रूपमा समेत गण्डकीको सेरोफेरो प्रसिद्ध मानिन्छ। साथमा यस क्षेत्रले सनातनको आस्था र विश्वासमा अडिएको नेपाली जनजीवन, सामाजिक संरचना र अर्थतन्त्रलाई गतिशील बनाउन सक्ने अथाह पर्यटकीय सम्भावना बोकेको छ। यिनै राष्ट्र, राष्ट्रियता, संस्कार, संस्कृति र मौलिक सनातनी नेपाली गौरवलाई देशभित्र र बाहिर परिचित गराउने र आत्मगौरवले सजिएको नेपाली स्वाभिमानको पुनर्जागरण गर्ने उद्देश्यले ऐतिहासिक कालीगण्डकी पदयात्रा गर्न लागिएको पदयात्राका संयोजक महेश संस्कृत गुरूकुलका आचार्य उपप्राध्यापक फणीन्द्रप्रसाद पौडेलले बताउनुभयो।

पदयात्रामा महेश संन्यास आश्रमका सन्त मधुसुदनानन्द गिरि र रमणानन्द गिरिका साथमा गलेश्वर आश्रम, हरिहर संन्यास आश्रमका सन्तहरूको उपस्थिति रहनेछ भने नेपालका प्रतिष्ठित मठ मन्दिरका प्रतिनिधि र भारतका विभिन्न मठ तथा आश्रमबाट आमन्त्रित साधकहरू साथै अन्य हजारौं अध्यात्म र प्रकृतिप्रेमीहरूको उल्लेख्य सहभागिता रहने छ। देवघाटदेखि दामोदरकुण्डसम्मको उक्त पदयात्रा २२ देखि २५ दिनको रहनेछ।

१०८ फिटको शिव मूर्ति निर्माण गरिने

उपत्यकाको पूर्वी भेगमा रहेको भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ८, ९ र काभ्रे जिल्ला बनेपा-१ को संगमस्थल कलमसीमा अवस्थित कल्पेश्वर महादेव तथा कालिका देवी मन्दिर परिसरमा १०८ फीट अग्लो शिव मूर्ति निर्माण गरिने भएको छ। यही वैशाख २ देखि १२ गतेसम्म आयोजना गरिने शिव पुराण ज्ञान महायज्ञबाट संकलित दान दातव्य रकमबाट सो मूर्ति निर्माण गरिने सचिवालय सदस्य बिदुर नेपालले बताउनुभयो। मूर्ति निर्माणको निम्ति डी.पी.आर. तयार गरिएको र सोही डी.पी.आर. बमोजिम १०८ फिट अग्लो बसेको अवस्थाको शिवमूर्ति, नक्षेत्र बाटिका र ८० रोपनी क्षेत्रफलमा मनोरम पार्क निर्माण गरिने छ।

उक्त स्थानको वरिपरि विभिन्न तीर्थहरू रहेका छन्। रत्नचुड पवर्तको काखमा रही सो स्थानबाट हिमश्रृङ्खला अवलोकन, शिरमा रत्नचुडेश्वर महादेव, सूर्योदय दर्शन, ऐतिहासिक जलजले, पूर्वमा पुण्यमती नदी, दक्षिणतर्फ सपनेश्वर महादेव, ब्रह्मायणी देवी, पश्चिमतर्फ थाकलमोठ, महामञ्जुश्री, सरस्वती, मणीकर्णीका, बाल्मिकेश्वर महादेव, बागेहिटि मन्दिरबाट तीनै सहर देखिन्छ। सो पवित्र स्थलमा बुद्धिजीवी, समाजसेवी धार्मिक आस्था र पर्यटकीय आस्था राख्ने सबै भक्त सज्जनमा उपस्थित भई महायज्ञमा सहयोग पुऱ्याइदिनु हुन आयोजक समितिले हार्दिक अनुरोध समेत गरेको छ।

दानवीर दाताहरूले गर्नुभएको दानको उचित सम्मान गर्दै दान रकम अन्य शीर्षकमा खर्च नगरी मुर्ति निर्माणमा मात्र खर्च गरिने साथै शिवपुराणको सम्पूर्ण खर्च १००८ मूल आयोजक समितिले व्यहोर्ने बाइएको छ ।

महायज्ञ सम्पन्न

मानव कल्याण समाज, भौखेल, भक्तपुरद्वारा गठित ज्ञान विज्ञान महायज्ञ मूल आयोजक कमिटिले आयोजना गरेको महायज्ञ चैत २७ गते सकिएको छ । सडक, सार्वजनिक स्थलहरूमा अलपत्र परेका बेवारिसे मानवहरूलाई खाना, नाना र छानाको दीगो प्रवन्ध र प्रभावकारी सेवाको लागि जग्गा र भवन व्यवस्थापन गर्न भक्तपुरको मध्यपुर थिमी–५ राधेराधेमा चैत २१ गतेदेखि महायज्ञ आयोजना गरिएको थियो । मानव कल्याण समाजकी संस्थापक अध्यक्ष देवी सुमी मानवको प्रमुख कथा वाचन रहेको सो सप्ताहव्यापी महायज्ञमा स्थानीय जनप्रतिनिधिलगायत समाजका लब्धप्रतिष्ठित व्यक्तिहरूको समेत उल्लेख्य उपस्थिति रहेको थियो ।

महायज्ञ मूल आयोजक समितिका कोषाध्यक्ष नरेश रन्जितका अनुसार महायज्ञबाट ८० लाख ४३ हजार ७ सय १६ रूपैयाँ संकलन भएको र २५ लाख १८ हजार ७ सय रूपैयाँ खर्च कटाएर ५५ लाख २५ हजार १६ रूपैया बचत भएको छ । महायज्ञको उद्देश्य अनुसार भवन निर्माणका लागि स्थानीय निकायहरूबाट जमिनको व्यवस्थापन गरिने प्रतिबद्धता र प्रदेश सरकारले भवन निर्माणमा सहयोग गर्ने प्रतिबद्धताले आयोजकलाई थप हौसला प्रदान गरेको संयोजक गोपीकृष्ण न्यौपानेले बताए ।

मानव कल्याण समाज, भौखेल, भक्तपुरद्वारा गठित ज्ञान विज्ञान महायज्ञ मूल आयोजक कमिटीले भक्तपुरका सडकहरू, धार्मिकस्थलहरू लगायत सार्वजनिक स्थलहरूमा बेवारिसे अलपत्र अवस्थामा रहेका मानवहरूलाई मुठी दान तथा स्थानीय सरकारको सहयोगबाट खाना र नानाको सामान्य व्यवस्था गर्दैआएको भएतापनि स्थायी बासस्थानको बन्दोबस्त गर्न सकिरहेको थिएन । सोही अनुसार स्थायी बासस्थानको बन्दोबस्त गर्ने पवित्र उद्देश्य पुरा गर्न महायज्ञको आयोजना गरिएको र महायज्ञबाट संकलित रकम तथा विभिन्न निकायहरूको प्रतिबद्धताले त्यस्ता मानवहरूलाई व्यवस्थापन गर्न सहज हुनेतर्फ अगाडि बढेको पनि संयोजक न्यौपानेले जानकारी दिनुभयो ।

नव वर्ष २०८२ को अवसरमा सम्पूर्ण वडावासी दाजुभाइ, दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

स्वस्थ रहने उपायः

१. मनमा शान्ति आध्यात्मिक चिन्तनबाट मात्रै मिल्दछ ।

२. जीवनमा खुशी आफू हुने हो, अरूलाई बनाउन सकिँदैन, अरूप्रति कर्तव्य मात्रै निभाउने हो ।

३. स्वस्थ जीवनको लागि हाम्रो शरीरमा कम्तीमा दिनको एक पटक खल्खली पसिना आउनु जरूरी छ ।

४. भोजन लिनु अघि भोजनको शुद्धता छ कि छैन भन्ने तर्फ पनि सचेत बन्नुहोस् ।

५. भोक लागिसके पछि मात्र भोजन ग्रहण गर्नुहोस् ।

६. बिहान ५–७ बजेसम्म योग, ध्यान, व्यायाम, प्रणायामको लागि समय छुट्टाउनुहोस् ।

७. बेलुकाको खाना पछि सकभर सामाजिक सञ्जालमा अभ्यस्त नबन्नुहोस् ।

८. नाचौं, पसिना बगाऔं र स्वस्थ बनौं भन्ने अभियानलाई साकार पार्नुहोस् ।

काठमाडौं महानगरपालिका वडा नं ५
हाँडीगाउँ, काठमाडौं

विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं !

- विद्यालयले आ–आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरूले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरूले विद्यालय उमेर समूहका सीमान्तकृत समूहका, अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरू:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट
पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com

मा गएर निःशुल्क, सशुल्क
डोनेशनमा पढ्न सकिने
जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु
भएका पाठक वर्गले सिधै
सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

Your Printing Solution

"गुणस्तरीय छपाई,
सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

श्रीगण्डकी कोटिहोम
निःशुल्क अध्ययन कक्ष
www.ushaeduhouse.com | M.: 9851030972

हार्दिक शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक
महानुभावहरूमा सुख, शान्ति एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै
हार्दिक शुभकामना अर्पण गर्दछौं।

हरिकृष्ण रावल
भ्याली कोल्ड स्टोर प्रा. लि.
नयाँबजार काठमाडौं

।। एक युगमा एक पटक ।।

।। इतिहासमै पहिलो पटक ।।

ॐ

।। श्रीपरमात्मने नमः ।।

।। न भूतो न भविष्यति ।।

(न भूतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

ऐतिहासिक
श्रीगण्डकी शत (सय) कुण्डीय
गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२

मितिः- २०८२ वैशाख १७ देखि जेठ २६ गतेसम्म

आयोजकः

श्री मानव सेवा फाउण्डेसन, नेपाल (पोखरा, कास्की)

एवं

सनातन धर्मानुयायी हजुरहरू र हामी सबै

सबै भक्तजनलाई सादर निमन्त्रणा गर्दछौं

बालयोगेश्वर
विजयश्री कृष्णमूर्ति जी महाराज
महायज्ञ संकल्पकर्ता

ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय
गायत्री कोटिहोम विराट ज्ञान महायज्ञ - २०८२

सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर क्षेत्र, पोखरा-१७, बिरौटा, कास्की